मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

औषधिको आपूर्ति प्रभावकारी बनाउन मन्त्रीको निर्देशन
पृष्ठ ५ मा



वर्ष ४ | अंक १९९ | २०८३ साल जेष्ठ २४ गते आइतबार | Sunday 07, June 2026 | सूर्योदयः बिहान ०५:१० बजे | सूर्यास्तः साँझ ०६:५८ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## मधेश प्रदेशमा मन्त्रालयको संख्या घटाउने तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने तयारी थालेको छ । प्रशासनिक खर्च घटाउने र मितव्ययिता कायम गर्ने उद्देश्यसहित मन्त्रालय पुनर्संरचनाको प्रक्रिया अघि बढाइएको हो।
हाल १२ वटा मन्त्रालय सञ्चालनमा रहेको प्रदेशमा मन्त्रालय संख्या घटाएर ९ वटामा सीमित गर्ने प्रारम्भिक तयारी गरिएको छ । भौगोलिक रूपमा सानो तथा आठ जिल्लामा सीमित प्रदेशमा मन्त्रालय संख्या बढी भएको भन्दै लामो समयदेखि आलोचना हुँदै आएको थियो।
प्रदेश सरकार गठनपछि गठबन्धन दलहरूलाई व्यवस्थापन गर्न मन्त्रालय विस्तार गरिएको र त्यसले प्रशासनिक खर्च बढाएको तथा संरचनागत असन्तुलन देखिएको टिप्पणी पनि हुँदै आएको छ।
प्रदेश सरकारका अनुसार प्रस्तावित नयाँ संरचनाले सरकारी खर्च घटाउने, सेवा प्रवाह प्रभावकारी बनाउने तथा प्रशासनिक कार्यलाई चुस्त बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । मन्त्रालयहरूको कार्यक्षेत्रमा दोहोरोपन हटाई कार्यसम्पादन क्षमता बढाउने उद्देश्यसमेत राखिएको छ।
मन्त्रालय पुनर्संरचनाका लागि मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरिएको छ । कार्यदलमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी सचिव पार्वती शर्मा र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेल सदस्य रहेका छन्।
कार्यदललाई हालको मन्त्रालय संरचना अध्ययन गरी आवश्यक्ता अनुसार मन्त्रालय संख्या घटाउने तथा पुनर्संरचनाको खाका तयार गर्ने जिम्मेवारी दिइएको छ । सोही प्रतिवेदनका आधारमा प्रदेश सरकारले अन्तिम निर्णय गर्ने जनाएको छ।

## प्रदेश सरकारको बजेटमा १९ प्रतिशत मात्र खर्च



मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२–८३ को जेठ २१ गतेसम्म कुल विनियोजित बजेटको १९.४ प्रतिशत मात्र खर्च गरेको छ । प्रदेश सरकारको वित्तीय विवरणअनुसार ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँ बजेटमध्ये हालसम्म ९ अर्ब ११ करोड ९५ लाख ७५ हजार रुपैयाँ खर्च भएको अर्थ मन्त्रालयले जनाएको छ।
अर्थमन्त्री युवराज भट्टराईका अनुसार कुल खर्चमध्ये चालुतर्फ ५ अर्ब ३२ करोड ४४ लाख ८४ हजार रुपैयाँ तथा पुँजीगततर्फ ३ अर्ब ७९ करोड ५० लाख ९१ हजार रुपैयाँ खर्च भएको छ । विवरणअनुसार जेठ १३ गतेसम्म कुल खर्च ८ अर्ब ७५ करोड ७६ लाख १४ हजार रुपैयाँ रहेको थियो। जेठ २१ गतेसम्म आइपुग्दा खर्चमा ३६ करोड ४२ लाख रुपैयाँले वृद्धि भएको छ । यस अवधिमा चालु खर्च करिब ९ करोड ७४ लाख रुपियाँ तथा पुँजीगत खर्च करिब १८ करोड ७८ लाख रुपैयाँले बढेको मन्त्रालयले जनाएको छ । अर्थमन्त्री भट्टराईले जिम्मेवारी सम्हालेपछि प्रदेश सरकारको खर्चको अवस्था पारदर्शी बनाउन साप्ताहिकरूपमा वित्तीय विवरण सार्वजनिक गर्दै आएका छन्।

## राස्वपा पर्सामा विवाद अधिवेशन स्थगित माग



**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्सामा आन्तरिक असन्तुष्टि चुलिएको छ । जेठ २४ गते आइतबारका लागि तय गरिएको जिल्ला अधिवेशनअघि निर्वाचन प्रक्रिया र सङ्गठनात्मक संरचनालाई लिएर नेताहरूबीच असन्तुष्टि बढेको हो । यसको परिणामस्वरुप निर्धारित जिल्ला अधिवेशन स्थगित गर्न एक पक्षले माग गरेका छन्।
पार्टीका सदस्य महादेव प्रसाद कुर्मीले निर्वाचन स्थगित माग गर्दै निर्वाचन संयोजक डा. नन्दन यादवलाई ज्ञापन पत्र बुझाएका छन् । ज्ञापन पत्र मधेश प्रदेश उपसभापति राधिका न्यौपाने साह कलवार तथा मधेश प्रदेश सङ्गठन विभाग उपप्रमुख प्रमोद कुमार रायमाझीलाई समेत बुझाइएको छ।
ज्ञापन पत्रमा जिल्ला अधिवेशनका लागि सार्वजनिक गरिएको प्रतिनिधिको नामावलीमा विभिन्न विभागका प्रतिनिधि समावेश गरिएको उल्लेख गर्दै विभागहरू कहिले, कुन प्रक्रिया र निर्णयका आधारमा गठन वा मनोनयन गरिएको हो भन्नेबारे स्पष्ट जानकारी माग गरिएको छ । मागअनुसारको विवरण सार्वजनिक नभएसम्मका लागि निर्वाचनको सम्पूर्ण प्रक्रिया तत्काल स्थगित गर्न अनुरोध गरिएको छ।
ज्ञापन पत्र बुझाउन कुर्मीसँगै समर्थकहरूको समूह सहभागी थियो । यसैबीच शनिबार साँझ रास्वपा पर्साका दुई समूहका युवाहरूबीच झडप भएको छ । घटनास्थलमा प्रहरी पुगेर स्थिति साम्य पारेको प्रहरी स्रोतले जनाएको छ।

**महोत्तरी सभापतिमा ३ जनाको दावेदारी**
राष्ट्रिय स्वतन्त्र पार्टी महोत्तरीको नयाँ नेतृत्व चयनका लागि तीन जनाले सभापति पदमा दावेदारी प्रस्तुत गरेका छन्।
शनिबार जारी जिल्ला अधिवेशनमा वर्तमान सभापति शुभमकुमार यादवसहित रामनरेश यादव र दयाराम यादवले सभापति पदका लागि अकांक्षा देखाएका छन्।
पार्टीका विभिन्न पालिकामा नगर अधिवेशन विवादित बनेको अवस्थामा केन्द्रीय नेतृत्वको परिपत्रअनुसार जिल्ला अधिवेशनको उद्घाटन सत्र सम्पन्न भएको छ भने बन्द सत्र चलिरहेको छ । बन्द सत्रमा सर्वसम्मत रूपमा नयाँ नेतृत्व चयन गर्ने प्रयास भइरहेको रास्वपा महोत्तरीका सभापति शुभमकुमार यादवले जानकारी दिए । उनका अनुसार सहमतिमै नेतृत्व चयन गर्ने प्रयास जारी रहे पनि सहमति हुन नसके निर्वाचन प्रक्रियामार्फत नयाँ नेतृत्व चयन गरिनेछ।
यसअघि रास्वपाको केन्द्रीय निर्वाचन आयोगले महोत्तरीका जलेश्वर नगरपालिका, मनरा शिस्वा नगरपालिका, मटिहानी नगरपालिका, एकडारा गाउँपालिका र पिपरा गाउँपालिकालगायत स्थानीय तहमा नगर अधिवेशनसम्बन्धी विवाद उत्पन्न भएपछि ती अधिवेशन स्थगित गरेको थियो।
जिल्ला अधिवेशनमार्फत महोत्तरीमा नयाँ नेतृत्व चयन हुने भएकाले कार्यकर्ताको चासो बढेको छ । सर्वसम्मत नेतृत्व चयन नभए मतदान प्रक्रियाबाट पदाधिकारी तथा जिल्ला कार्यसमिति चयन गरिने जनाइएको छ।

## बिम्स्टेक क्षेत्रीय सहयोगको एक गतिशील मञ्चः प्रधानमन्त्री

**काठमाडौँ।**
प्रधानमन्त्री वालेन्द्र शाहले ‘बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास’ (बिम्स्टेक) लाई क्षेत्रीय सहयोगका लागि एक गतिशील मञ्चका रूपमा उल्लेख गर्दै यसले क्षेत्रको विविधता, जीवन्तता र साझा सम्भावनालाई प्रतिबिम्बित गर्ने बताएका छन् । बिम्स्टेकको २९औँ वार्षिकोत्सवका अवसरमा आज जारी सन्देशमा उनले यातायात, व्यापार तथा डिजिटल सञ्जालमा सम्पर्क सुदृढ गरी अर्थतन्त्रहरूको अझ गहिरो एकीकरणलाई प्रवद्र्धन गर्नुपर्ने आवश्यकतामा जोड दिए।
बिम्स्टेकको दीर्घकालीन शक्ति यसको जनतामा निहित रहेको उल्लेख गर्दै प्रधानमन्त्री शाहले पर्यटन प्रवद्र्धन, युवा तथा उद्यमीहरूका लागि अवसर सिर्जना तथा जलवायु परिवर्तन र प्राकृतिक विपद्बाट उत्पन्न जोखिमप्रति प्रतिरोध क्षमता अभिवृद्धिका लागि थप प्रयास गर्न आह्वान गरेका छन्।
उनले एकआपसमा जोडिएको, उत्थानशील तथा समृद्ध बिम्स्टेक क्षेत्र निर्माणका लागि सदस्य राष्ट्रहरूसँग नजिकबाट सहकार्य गर्न नेपाल सदैव प्रतिबद्ध रहेको उनका तर्फबाट पराराष्ट्र मन्त्रालयले जारी गरेको सन्देशमा उल्लेख छ।
छुट्टै सन्देशमा परराष्ट्रमन्त्री शिशिर खनालले सन् १९९७ मा स्थापना भएदेखि बिम्स्टेकले हासिल गरेको निरन्तर प्रगतिप्रति प्रशंसा व्यक्त गर्दै क्षेत्रीय सहयोग सुदृढीकरणमा बिम्स्टेक वडापत्र (चार्टर) को महत्त्वलाई उजागर गरेका छन् ।उनले हासिल भएका उपलब्धिहरूलाई सुदृढ गर्न, साझेदारीलाई अझ मजबुत बनाउन तथा कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने आवश्यकतामा जोड दिएका छन् । बिम्स्टेकप्रतिको प्रतिबद्धता पुनः व्यक्त गर्दै परराष्ट्रमन्त्री खनालले जनस्तरको सम्पर्क क्षेत्रको नेतृत्वकर्ता राष्ट्रका रूपमा नेपाल पर्यटन प्रवद्र्धन, सांस्कृतिक आदानप्रदान तथा क्षेत्रभरिका जनताबीच अझ गहिरो जनस्तरीय सम्बन्ध विस्तार गर्न तत्पर रहेको जानकारी गराएका छन्।
बिम्स्टेकको २९औँ वार्षिकोत्सवका अवसरमा प्रधानमन्त्री शाह र परराष्ट्रमन्त्री खनालले बिम्स्टेकका सबै सदस्य राष्ट्रका सरकार तथा जनतालाई सन्देशमार्फत बधाई तथा शुभकामना व्यक्त गरेका छन्।
बिम्स्टेक एक क्षेत्रीय सङ्गठन हो । यसको स्थापना ६ जुन १९९७ मा बैंकक घोषणापत्रमा हस्ताक्षर भएसँगै भएको थियो । प्रारम्भमा बिस्ट–इक (बङ्गलादेश–भारत–श्रीलङ्का–थाइल्यान्ड आर्थिक सहयोग) का रूपमा परिचित यस सङ्गठनमा २२ डिसेम्बर १९९७ मा म्यानमारको तथा फेब्रुअरी २००४ मा भुटान र नेपालको सदस्यता प्राप्त भएको थियो । त्यसपछि हाल यो बिम्स्टेकका रूपमा परिचित छ । यसमा सात सदस्य राष्ट्रहरू रहेका छन्।

## एक महिनाभित्रै कमला पुल सञ्चालन गर्ने गरी काम गर्न निर्देशन



**सिरहा।**
सहरी विकासमन्त्री सुनिल लम्सालले आगामी असार २५ गतेभित्रै कमला पुल सञ्चालन हुने गरी काम गर्न निर्देशन दिएका छन् । शनिबार यहाँ पुलको अनुगमन गर्दै उनले निर्माण कम्पनीलाई भासिएको स्ल्याबको काम पूर्णरूपमा सम्पन्न गरी महिना दिनभित्रै पुल सञ्चालनमा ल्याउन निर्देशन दिए । मन्त्री लम्सालले पुल निर्माणका लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्न सरकार तयार रहेकाले कुनै समस्या नहुने स्पष्ट पारे।
निरीक्षण टोलीमा सिरहा–१ का सांसद बब्लु गुप्ता, क्षेत्र नं २ का सांसद शिवशङ्कर यादव, हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरका योजना प्रमुख कृष्णकुमार महतो र सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललगायतको सहभागिता रहेको थियो।
यसअघि स्थानीय बासिन्दाले आव २०८३/८४ को बजेटमा सरकारले कमला पुलको पुनःनिर्माणका लागि आवश्यक बजेट विनियोजन नगरेको भन्दै गुनासो पोख्दै आएका थिए। पुल समयमै नबन्दा यस क्षेत्रका जनताले वर्षौंदेखि आवतजावतमा सास्ती भोग्दै आएका छन्।
स्थानीय युवा तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) औरही गाउँपालिकाका सभापति सन्तोष यादवले मन्त्री लम्सालको निर्देशनबारे जानकारी दिँदै भने, ‘मन्त्रीले कमला पुलको निरीक्षण गरी ठेकेदारलाई काम चाँडो सक्न निर्देशन दिनुभएको छ । उहाँले आर्थिक समस्या नहुने भन्दै प्रतिबद्ध भएर काम गर्न निर्देशन दिएकाले स्थानीयमा केही आशा जागेको छ । पुल निर्माण भएमा वर्षौंदेखिको सास्ती हट्ने छ।’
विसं २०६८ मा तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने सम्झौताअनुसार काम गरिएकामा पटकपटक म्याद थपेर विसं २०७८ असारमा पुल निर्माण अन्तिम चरणमा पुगेको थियो । लगत्तै सोही असारमा आएको बाढीले दुई वटा पिलर भासिएर चार वटा स्ल्याबमा गम्भीर क्षति पु¥याएपछि पुल सञ्चालनमा आउन सकेन।
निर्माण कम्पनी लुम्बिनी बिल्डर्सले आगामी असार मसान्त अर्थात् तोकिएको समय सीमाभित्रै काम सम्पन्न गर्ने लक्ष्यका साथ आफूहरू लागिरहेको बताए।

## जनकपुरधाम–भिठामोड सडकखण्डमा अतिक्रमण हटाउन डोजर अभियान



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम–भिठामोड सडकखण्डमा सडक सीमाभित्र अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने अभियान सुरु गरिएको छ । हुलाकी सडक राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरले सडक विस्तार तथा यातायात सहज बनाउन अतिक्रमित जग्गा खाली गराउने कार्य अघि बढाएको हो।
महोत्तरीको पिपरा गाउँपालिकास्थित पिपरा बजार नजिक सडकको जग्गामै भवन तथा अन्य संरचना निर्माण भएपछि सडक विस्तारको काम लामो समयदेखि अवरुद्ध हुँदै आएको थियो । पटक–पटक सूचना जारी गर्दा पनि स्थानीयले संरचना नहटाएपछि डोजर प्रयोग गरी हटाउने कार्य सुरु गरिएको हुलाकी सडक राजमार्ग निर्देशनालय योजना कार्यालयका इन्जिनियर विकास झाले जानकारी दिए।
उनका अनुसार सडक छेउमा बनेका अवैध संरचना र कब्जा गरिएको जग्गा हटाएर यातायात आवागमन सहज बनाउने उद्देश्यले अभियान सञ्चालन गरिएको हो।
यता स्थानीयवासीले भने आफूहरूले पहिले नै सडक विस्तारका लागि २०५५ सालमै ८२ फिट चौडाइका लागि जग्गा छोडेर घर निर्माण गरेको दाबी गर्दै अहिले आएर जबरजस्ती घर भत्काइएको आरोप लगाएका छन्।
अतिक्रमण हटाउने क्रममा घर, पसल, पर्खाल तथा अस्थायी संरचनाहरू हटाइएको छ । वर्षौंदेखि सडक सीमाभित्र अतिक्रमण बढ्दै जाँदा सवारी आवागमनमा समस्या हुनुका साथै दुर्घटनाको जोखिम समेत बढ्दै गएको प्रशासनको भनाइ छ।

## सिञ्चित क्षेत्र घट्दा कृषि उत्पादनमा गिरावट



**मधेशदृष्टि**
**जनकपुरधाम।**
अन्नको भण्डारको रुपमा चिनिने मधेश प्रदेशमा सिञ्चित क्षेत्रफलमा कमी आएपछि कृषि उत्पादनमा समेत गिरावट आएको देखिएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक गतिविधि अध्ययन अर्ध–वार्षिक प्रतिवेदन (आव २०८२÷८३) अनुसार प्रदेशको कुल सिञ्चित क्षेत्रफल ४.३४ प्रतिशतले घटेर ३ लाख १९ हजार ८० हेक्टरमा सीमित भएको छ।
गत वर्ष २.४१ प्रतिशतले वृद्धि भएको सिञ्चित क्षेत्रफल यस वर्ष घटेको हो । राष्ट्र बैंकका अनुसार कुलोमार्फत सिञ्चित क्षेत्र ५.६७ प्रतिशतले घटेर १ लाख ७ हजार २३४ हेक्टर, नहरमार्फत सिञ्चित क्षेत्र ०.९७ प्रतिशतले घटेर १ लाख ६५ हजार १२४ हेक्टर र बोरिङमार्फत सिञ्चित क्षेत्र ९ प्रतिशतले घटेर ४१ हजार ५८६ हेक्टर पुगेको छ।
सिञ्चित क्षेत्र घटेसँगै कृषि उत्पादनमा पनि उल्लेख्य गिरावट आएको छ । प्रदेशको समग्र कृषि बाली उत्पादन १०.५९ प्रतिशतले घटेर ४२ लाख ५२ हजार १९९ मेट्रिक टनमा सीमित भएको प्रतिवेदनमा उल्लेख छ । गत वर्ष यही अवधिमा उत्पादनमा १.१७ प्रतिशत वृद्धि भएको थियो।
चालु आर्थिक वर्षको पुस मसान्तसम्मको तथ्यांकअनुसार धान उत्पादन १३.४८ प्रतिशतले घटेको छ । मकै ३४.०९ प्रतिशत, गहुँ २२.४४ प्रतिशत, कोदो ६९.०५ प्रतिशत, जौ ३.५६ प्रतिशत, आलु ५७.९७ प्रतिशत, सनपाट ७५.९४ प्रतिशत र दलहन उत्पादन २०.८६ प्रतिशतले घटेको छ।
गत वर्ष भने धान, मकै, गहुँ र तेलहन उत्पादनमा वृद्धि भएको थियो। यस वर्ष उखु, सुर्ती र तेलहन उत्पादनमा मात्र वृद्धि देखिएको छ । उखु उत्पादन ०.७७ प्रतिशत, सुर्ती १५.६३ प्रतिशत र तेलहन ७.१९ प्रतिशतले बढेको प्रतिवेदनमा उल्लेख छ।

# सशस्त्र प्रहरीद्वारा निःशुल्क स्वास्थ्य शिविर

**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको सीमावर्ती क्षेत्र सम्सीमा सशस्त्र प्रहरी बलले सञ्चालन गरेको निःशुल्क स्वास्थ्य शिविरबाट स्थानीयवासी लाभान्वित भएका छन् । सुरक्षा सेवासँगै स्वास्थ्य सेवा लिएर गाउँमै पुगेको सशस्त्र प्रहरीको पहलप्रति स्थानीयवासीले सकारात्मक प्रतिक्रिया जनाएका छन् । सशस्त्र प्रहरीका चिकित्सक तथा विशेषज्ञ चिकित्सकहरूको टोलीले शनिबार सम्सीमा निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचार सेवा प्रदान गरेको थियो । सशस्त्र प्रहरी परिवार महिला सङ्घको २५औँ वार्षिकोत्सवका अवसरमा 'सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रमअन्तर्गत एकदिने स्वास्थ्य शिविर आयोजना गरिएको सशस्त्र प्रहरी उपरीक्षक शेरबहादुर अधिकारीले जानकारी दिए । शिविरमा उपचार तथा स्वस्थ्य परामर्शका लागि उल्लेख्य सङ्ख्यामा सेवाग्राहीको सहभागिता रहेको थियो । सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय को आयोजनामा जनता माध्यमिक विद्यालय मा सञ्चालन गरिएको शिविरमा एपिएफ अस्पताल तथा जानकी मेडिकल कलेज एन्ड टिचिङ अस्पतालका चिकित्सक टोलीले सेवा प्रदान गरेका थिए।

# जिराभवानी गापाको नीति तथा कार्यक्रम सार्वजनिक




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जिराभवानी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ।
शनिवार वडा नं. ३ स्थित कृषि भवनको सभाकक्षमा आयोजित १७ औं गाउँ सभामा उक्त नीति तथा कार्यक्रम प्रस्तुत गरिएको हो। गाउँ सभामा उपाध्यक्ष रेखा चौधरीको अनुमतिमा प्रमुख प्रशासकीय अधिकृत अमित कुमार गिरिले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । पालिकाको नीति तथा कार्यक्रममा कृषि क्षेत्रलाई सबैभन्दा उच्च प्राथमिकता दिइएको छ । गाउँ सभालाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष अनोज चौधरीले स्वास्थ्य, शिक्षा, कृषि, महिला तथा बालबालिका, पर्यटन र भौतिक पूर्वाधार विकासलाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम ल्याइएको उल्लेख गरे । उनले गाउँपालिकाभित्र भौतिक पूर्वाधार निर्माणका कार्यलाई तीव्रता दिने तथा गाउँपालिका र वडा कार्यालयबाट प्रदान गरिने सेवाहरूलाई छिटो, छरितो र प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गरे।

# कास्की कारागारबाट भागेका कैदी नौ महिनापछि पक्राउ

**म्याग्दी।**
'जेन्जी' आन्दोलनको क्रममा कास्की कारागारबाट भागेका कैदीलाई प्रहरीले नौ महिनापछि म्याग्दीको बेनी नगरपालिका–९ गलेश्वरबाट पक्राउ गरेको छ।
जबरजस्तीकरणी मुद्दामा कास्की जिल्ला अदालतबाट दोषी ठहर भएका पोखरा महानगरपालिका–९ का ५४ वर्षीय लक्ष्मण मगराती भनिने कृष्णबहादुर सार्कीलाई पक्राउ गरी शनिबार कारागार कार्यालय बेनी चलान गरिएको हो।
शुक्रबार राति ९ बजे गलेश्वरमा शङ्कास्पद रूपमा हिंडडूल गरिरहेको अवस्थामा फक्राउ परेका सार्कीलाई एक रात हिरासतमा राखेर प्रक्रिया पूरा गरी बाँकी कैद भुक्तान गराउन कारागार चलान गरिएको प्रहरी निरीक्षक सागर तिमिल्सिनाले जानकारी दिए।
'कास्की जिल्ला अदालतले सात वर्ष कैद फैसला सुनाएका सार्की पोखरास्थित कारागारमा सह–नाइकेको जिम्मेवारीमा रहेको खुलेको छ,' उनले भने, 'छानबिनका क्रममा गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा कारागारबाट भागेको पुष्टि भएपछि बाँकी कैद भुक्तान गर्न कारागार चलान गरिएको हो ।' रासस

# विदेशबाट फर्किपछि विजयकुमार बने उत्कृष्ट कृषक




**महेन्द्रनगर।**
सात वर्षअघि वैदेशिक रोजगारीका शिससिलामा मलेसिया मजदुरी गर्न पुगेका कञ्चनपुरको लालझाडी गाउँपालिका–४ का विजयकुमार चौधरी स्वदेश फर्किए । मलेसियामा तीन वर्ष मजदुरी गरेका चौधरीको मासिक ३५ हजार कमाइ गरे । विदेशको चर्को गर्मीमा श्रम बेचेर स्वदेश फर्किएका विजय अहिले माछापालनमा छन्।
गत जेठ १५ गते कृषि, वन तथा पर्यावरण मन्त्रालयलबाट छनौंट भई राष्ट्रपति रामचन्द्र पौडेलबाट राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कारबाट पुरस्कृत भएपछि चौधरीको कृषिप्रतिको लगाव अझ बढेको छ।
कृषि, वन तथा पर्यावरण मन्त्रालयलले सात प्रदेशबाट उत्कृष्ट दुई÷दुई कृषक गरी १४ कृषकलाई सम्मानित गरेको थियो । दुई लाख राशिको पुरस्कार पाएपछि हर्षित भएका चौधरीले सम्मानले कृषि पेसाप्रति जाँगर बढेको बताए।
राष्ट्रपतिबाट सम्मान पाउँदा हौसला थपिएको छ, चौधरीले भने, अब युवालाई पनि कृषि र उत्पादनमुखी काममा लगाउने योजना व्यवसाय सञ्चालन गर्ने योजनामा छु।
सात वर्षदेखि सिकलपट्टी जाइमा तीन बिघामा माछा पोखरी बनाएर मत्स्य उत्पादनमा लागेका चौधरीले निकट भविष्यमा थप पाँच बिघा जमिन भाडामा लिएर माछा उत्पादन बढाउने गरी अघि बढिसकेको बताए।
वार्षिक ४५ क्विन्टल माछा बिक्री गरिरहेको छु, चौधरीले भने, वर्षमा नौ लाखभन्दा बढी बचत हुन्छ । स्वदेशी माछा उत्पादनको बजारीकरणका लागि सरकारले वातावरण मिलाई दिनुपर्ने चौधरीको भनाइ छ । यहाँ उत्पादन भएको माछा झलारी, बेलौरी, वाणी र स्थानीय बजारमा खपत भइरहेको हुन्छ, उनले भने, भारतलगायत अन्य मुलुकबाट आयात हुने माछालाई रोक लगाएर स्वदेशी उत्पादनलाई बजारको सुनिश्चतता गरिनुपर्छ।
चौधरीले हरेक बर्ष असोजदेखि माघ महिनासम्म माछा बिक्री वितरण हुने गरेको बताए । उनको कामले अन्यले पनि रोजगारी पाउनु सुखद कुरा हो । माटोमा पसिना बगाए युवा विदेश जानु पर्दैन । यही राम्रै मुनाफा कमाउन गर्न सकिन्छ । रासस

# होल्डिङ सेन्टरका सुकुमवासीलाई नियमित स्वास्थ्य परीक्षण र उपचार सेवा

**रूपेश आचार्य/रासस**
**कीर्तिपुर।**
कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय परिसरको राधास्वामी सत्सङ्ग परिसरस्थित होल्डिङ सेन्टरमा भेटिएका डम्बर तामाङलाई अब जीवन नयाँ तरिकाले अघि बढ्छ भन्ने लागेको छ । उनी सधैँ यस्तै त नहोला भनेर अहिले ढुक्क हुन थालेका छन्।
होस् पाएदेखि आफू बसेको थापाथलीको बागमती किनारमा हरेक वर्षायाममा हुने त्रासदी उनलाई अहिले पनि याद आउँछ। हरेक वर्ष पानी पर्न थालेपछि बागमतीले सातो लिन थाल्थ्यो । परिवारसहितको बास त थियो त्यो, तर स्वामित्व भने थिएन।
बास भएर के गर्नु ? देशका कुनै पनि निकाय वा कानुनले नचिन्ने । पानी, बिजुली बाटो घाटो सबै अनौपचारिक । ढल र फोहरमैला सिधैँ नदीमा । हिँउदभरि उपत्यकावासीको प्रदूषण लिएर बग्ने बागमतीले डम्बरसहितका सुकुमवासीलाई कतिथरी रोग दिएर जान्थ्यो, त्यहाँ बसुञ्जेल कसैलाई पत्तो नहुने । अहिले होल्डिङ सेन्टरमा नियमित स्वास्थ्य परीक्षण हुँदा पो धेरैलाई थाहा भएको छ, बागमती किनारको बसाइँले शरीरमा कहाँ कहाँ समस्या पारेको छ ? कति रहेछ रोग भन्ने कुरा।
सुकुमवासीको सङ्कलित तथ्याङ्कले बताएको छ, खोला किनारको जीवन कत्ति जोखिममा थियो । सेन्टरमा जानुअघि दशरथ रङ्गशालामा ४९७ जनाको स्वास्थ्य परीक्षण गर्दा झण्डै ३० प्रतिशतमा उच्च रक्तचाप, १५ प्रतिशतमा मधुमेह देखिएको थियो।
त्यस्तै १६ प्रतिशतमा मांशपेशीसम्बन्धी समस्या, १३ दशमलव पाँच प्रतिशतमा ग्याष्ट्रिक, सात प्रतिशत मानसिक समस्या र श्वासप्रश्वाससम्बन्धी समस्या चार दशमलव पाँच प्रतिशतमा देखिएको थियो । सेन्टरमा पुगेपछि प्रायः सबैको स्वास्थ्य परीक्षण भयो र समस्याको अङ्क झन् बढ्यो । तर सेन्टरमा समस्या मात्र उजागर भएको छैन, उपचार पनि सुरु भएको छ र निरन्तर अहिले पनि चलिरहेकै छ।
चिकित्सकले तथ्याङ्कमा समेटेकामध्ये साढे ३८ प्रतिशतको परिवारका कोही न कोही सदस्यको मृत्यु खोला किनारको बसाइँका क्रममा भएको देखियो । जसमध्ये बाढी र डुबान तथा पुल, सडक र इनारमा भएका दुर्घटनाबाट झण्डै साढे नौ प्रतिशतले ज्यान गुमाए । दम र निमोनियाबाट आठ प्रतिशत र सरसफाइजन्य सरुवा रोग जस्तै क्षयरोग, डेङ्गु र टाइफाइडबाट आठ प्रतिशत मृत्यु भएको पाइयो। यसका अधिकांश कारक खोला किनारको जोखिमपूर्ण जीवन थियो । प्रदूषित खानेपानी, फोहर र फोहरजन्य पानी जमिरहने स्थानमा दैनिकी गुजार्ने सुकुमवासीमा लामखुट्टेलगायतले सार्ने किटजन्य सरुवा रोग फैलनु स्वाभाविकै हो । सुकुमवासी राखिएका छवटै होल्डिङ सेन्टरमा चिकित्सा टोलीको नेतृत्व गर्नुभएका शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा अनुप बास्तोलाका अनुसार मुटुरोग, क्यान्सर र उच्च रक्तचापजस्ता नसर्ने रोगहरुका कारण पनि २८ प्रतिशतको मृत्यु भएको छ । अहिले पनि पाटन अस्पताल, प्रसूति गृह, लगनखेलस्थित मानसिक अस्पतालका चिकित्सकसहितको उक्त टोलीले थप परीक्षण र उपचारलाई तीव्रता दिएका छन्।



त्यसो त होल्डिङ सेन्टरका डम्बरलाई रेटिनाको समस्याले गर्दा मसिनो (सानो) वस्तु देख्न र पढ्न गाह्रो छ।
अहिले जत्तिकै नियमित स्वास्थ्य परीक्षण त्यतिबेलै गर्न पाएको भए समस्या त्यति जटिल नहुन पनि सक्थ्यो । सेन्टरमा आएका चिकित्सको परामर्शपछि उन त्रिपुरेश्वस्थित आँखा अस्पताल जानुभयो । त्यहाँका चिकित्सकले तिलगङ्गा 'रेफर' गरेका छन् । अब त्यतै गएर उपचार गराउने सुरमा छन् उनी।
थापाथलीमा डम्बर जस्ता सयौँ छन्, जसलाई जीवन भनेकै बागमतीको किनारको बसोबास भन्ने लागेको थियो । अहिले सबैलाई घरबाट निस्किएर चौबाटोमा बसे जस्तो भएको छ। सरकारले कतै न कतै त पक्कै व्यवस्था गर्ला, उनी भन्छन् । डम्बरकी पत्नी र छोराछोरीको स्वास्थ्य परीक्षण पनि त्यहीँ भएको छ । पत्नीलाई मुटुसम्बन्धी समस्याका लागि अस्पताल जान पनि स्वास्थ्यकर्मीले सुझाएका छन्।
करिब २० वर्ष थापाथलीमा बिताएकी ५० वर्षे पुनम मगरलाई थापाथलीमै बस्दा उच्च रक्तचाप, मधुमेह र नशाको समस्या थियो । समस्या बढेपछि सेन्टरकै पहलमा आकस्मिक उपचार गराइएको उनले बताए । धेरैथरीको स्वास्थ्य परीक्षण यहाँ भयो र उपचार गर्न अस्पताल गइयो,' उनले भने । त्यहाँबाट अस्पताल पुगेपछि भने महँगो औषधी आफैँ किन्नुपर्ने बाध्यता रहेको पनि उनले बताए।
अर्का सुकुमवासी खिमबहादुर पुलायामगरले अस्पताल पुगेपछि औषधी सबै नपाउने र कतिपय रोगको उपचार केही खर्चिलो देखिए पनि सेन्टरमा आएका स्वास्थ्यकर्मीसँग भने सुकुमवासीको कुनै गुनासो नरहेको बताए।
होल्डिङ सेन्टरका सुकुमवासीमध्ये कतिपय दीर्घरोगी छन् । जसको नियमित स्वास्थ्य परीक्षण थापाथलीस्थित खोला किनारमा बस्दा सम्भवै थिएन । सुत्केरी र साना बच्चा हुर्काइरहेका आमाहरूले नियमित स्वास्थ्य परीक्षण र परामर्शमात्र होइन, नवजात सन्तानका लागि पोषण पुग्ने गरी लिटोसमेत पाएका छन् । सेन्टरमा भेटिएकी सुवासदेवी पासवानले आफ्नो नातिको स्वास्थ्य परीक्षण र पोषणका लागि लिटोसमेत प्राप्त भएको बताए।
होल्डिङ सेन्टरमा ल्याइएका सुकुमवासीलाई नदीकिनारको दैनिकीले शारीरिकमात्र होइन मानसिक समस्याबाट पनि पीडित बनाएको छ । बारम्बार परीक्षणमा पुगेका चिकित्सकहरुले विगत लामो समयदेखि अव्यवस्थित र असुरक्षित बसाइले दुवैथरी स्वास्थ्यमा पारेको असरलाई नजिकबाट नियालेका छन्।
केहीले विगत लामो समयदेखि दैनिकी बिताएको ठाउँ एक्कासी छोड्नुपर्दाको दुःख व्यक्त गरेका छन्, तर पनि त्यो भन्दा धेरै असुरक्षित बसोबासका कारण थापाथली किनारमै थुप्रै शारीरिक र मानसिक जटिलताबाट गुज्रिएका रहेछन् भन्ने कुरा मनोविद्हरूसँग उनीहरूले व्यक्त गरिरहेका छन् ।
सुकुमवासीहरूमा पर्नसक्ने मानसिक समस्याको पहिचान र उपचारका लागि छवटै होल्डिङ सेन्टरमा विशेषज्ञसहितका टोलीसहित धेरैपटक पुगे मानसिक अस्पताल पाटनका मनोचिकित्साविद् सुलभराज उप्रेती । उनले भने, 'थापाथलीको जोखिमपूर्ण बसोबासलाई जीवन ठानेर बसेकालाई केही असहज लाग्नु स्वभाविक हो । तर त्यस्तो बसोबासका कारण थुप्रै मनोवैज्ञानिक जटिलता देखिन्छन् । यस्ता व्यक्ति ठूलो संख्याका भेटिनुहुन्छ।'
मनोस्वास्थ्यका समस्या रहेको थाहा पाएपछि चार जना विज्ञ र केही मनोविज्ञान अध्येता सम्मिलित टोलीले छवटै शिविरका गरी ६०० भन्दा बढी व्यक्तिसँग छुट्टाछुट्टै बसेर परामर्श पनि भएको थियो । 'हामीले सबैसँग कुरा गर्दा ठाउँ सर्नुपर्दाको असजिलोसँगै अब केही होला, सरकारले राम्रो व्यवस्था गर्ला भन्ने अपेक्षा गर्नेको संख्या पनि उल्लेख्य थियो,' मनोचिकित्साविद् उप्रेतीले भने।
कुराकानीबाट आएको निष्कर्षका आधारमा कतिपयलाई मनोसामाजिक परामर्श, सहायता र कतिपयलाई औषधि उपचारको आवश्यकता रहेको पाइएको उनले जानकारी दिए । उनका अनुसार परामर्श र सहायता पछि थुपै व्यक्ति आफ्नो नियमित काममा फर्किनसमेत थालेका छन् । आफ्ना सन्तानको पढाइलाई लिएर चिन्ता परेको र उनहरुलाई पनि नजिकको विद्यालयमा बालबालिका जान थालेपछि चिन्ता कम हुँदै गएको पाइएको जानकारी पनि उनले दिए।
मनोसामाजिकविद्हरूको टोलीले ५५३ सुकुमवासीको मानसिक स्वास्थ्य परीक्षण र परामर्शबाट थाहा पायो, विस्थापनअघि देशभर कतै पनि बास नभएका कारण खोला छेउ बस्न बाध्य परिवार ८२ दशमलव आठ प्रतिशत रहेछन् । तीमध्ये तीन पुस्तै त्यहाँ बिताएको परिवार २४ दशमलव छ प्रतिशत छ।
मानसिक समस्याकै कारण तीन दशमलव तीन प्रतिशत आत्महत्याबाट र मदिराजन्य समस्याबाट तीन दशमलव तीन प्रतिशतले जीवन गुमाएका पाइएको मनोसामाजिकविद्हरू बताउँछन् । त्यसरी खोलाछेउ बस्दा शान्ति त जीवनमा छँदै थिएन । फलस्वरुप १०० मध्ये करिब १२ जनाले आत्महत्याको सोचसमेत बनाउन पुगेका रहेछन् । त्यस्तै सयमध्ये सात जनालाई विशेषखालकै मनोरोग सेवा आवश्यकपर्ने अवस्था रहेछ।
तथ्याङ्कले यो तस्बिर दिएपछि चिकित्सकको टोलीले छवटै होल्डिङ सेन्टरमा नियमित मनोरोग परामर्श दिँदै आएको छ। यसले खोला किनारको असुरक्षित जीवनबाट आकस्मिक रुपमा होल्डिङ सेन्टर आइपुगेका सुकुमवासीको मनमा अबका उज्याला दिनको आशा पलाएको मनोचिकित्सकहरूले महशुस गरेका छन्।
यसक्रममा मनोचिकित्सकसँग आफ्नो विगतबारे खुलेर कुरा गरे सुकुममवासीहरूले । बाहिरबाट हेर्दा नदीकिनारमा जोखिमपूर्ण जीवन बिताउनेहरूलाई त्यो सामान्य लाग्थ्यो र होल्डिङ सेन्टरको जीवन विश्मयपूर्ण । तर सँगै अब जीवनले नयाँ मोड लिने आशामा अधिकांश सुकुमवासी छन्।
सुकुमवासीलाई होल्डिङ सेन्टरमा सारेको दिनदेखि नै हरेकसँगको कुराकानी, उनीहरूका समस्या पहिचान र त्यसको विश्लेषणमा पनि कर्मचारी खटिरहेका छन् । त्यसमा संलग्न प्रधानमन्त्रीको कार्यालयकी स्वकीय उपसचिव प्रकृति ढकालले भनिन्, 'सुकुमवासीका रोगमात्र पत्ता लगाएका छैनौँ, रोगको अवस्था र प्रकृतिअनुसार उपचार र परामर्श पनि निरन्तर भइरहेको छ।'
यही तथ्याङ्कको आधारमा क्यान्सर, निमोनियाजस्ता जटिल रोगका बिरामीको उपचार राजधानीका विभिन्न अस्पतालमा भइरहेको र यस्तो जटिलता थप सुकुमवासीमा देखिएमा उपचारको प्रबन्ध गरिने पनि उनले बताए।

# अतिक्रमित संरचना शीघ्र हटाउन पालिकासँग सर्वपक्षीय सहमति

**दैलेख।**
दैलेख जिल्ला भर तीव्र रूपमा भइरहेको वन क्षेत्र र सार्वजनिक जग्गाको दोहन रोक्न तथा अतिक्रमित संरचना शीघ्र हटाउने विषयमा सहमति जुटेको छ।
वन नियमावली २०७९ बमोजिम गठित वन अतिक्रमण समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी आनन्द सारुको अध्यक्षतामा शनिबार डिभिजन वन कार्यालयमा बसेको सर्वपक्षीय बैठकले यस्तो सहमति जुटाएको हो । बैठकमा जिल्ला अदालत दैलेखका न्यायाधीश कुलप्रसाद पाण्डे, स्थानीय तहका प्रमुख र सुरक्षा निकायका प्रमुखहरूको सहभागिता रहेको थियो । बैठकमा डिभिजन वन कार्यालयका प्रमुख अमर शाहले डिजिटल स्लाइडमार्फत जिल्लाभर कूल ४२०.२९ हेक्टर वन क्षेत्र तीव्र अतिक्रमणको चपेटामा परेको भयावह तथ्याङ्क प्रस्तुत गर्दै कानुनी प्रावधानबारे सरोकारवालाहरूलाई जानकारी गराए । बैठकमा सहभागी पालिकाका प्रमुखहरूले वन संरक्षणको सरकारी कदमलाई पूर्ण समर्थन गर्दै मानवीय पक्ष र सुकुमवासी व्यवस्थापनलाई सँगै लैजानुपर्ने जोड दिए।
छलफलमा नारायण नगरपालिकाका नगरप्रमुख लोमन शर्माले नागरिकलाई विस्थापित गर्नुअघि वैकल्पिक व्यवस्थापन गरिनुपर्ने धारणा राखे । चामुण्डा विन्द्रासैनी नगरपालिकाका प्रमुख गणेशबहादुर शाहीले राज्यले विगतमा सुकुमवासी र अव्यवस्थित बसोबासीका रूपमा निस्सा वितरण गरेकाले सोही आधारमा व्यावहारिक समाधान खोज्नुपर्ने बताए । भगवती माई गाउँपालिकाका अध्यक्ष गणेशबहादुर थापाले लालपूर्जा पाउने आशामा रहेका वास्तविक भूमिहीनहरूलाई मर्का नपर्ने गरी काम गर्नुपर्नेमा जोड दिए।
बहसका क्रममा जिल्ला अदालतका न्यायाधीश कुलप्रसाद पाण्डेले कानुनको पालना अनिवार्य रहेको औंल्याउँदै आसन्न वर्षात्को समयलाई मध्यनजर गरी मानवीय संवेदन शीलताका साथ आवश्यक छानबिन गरेर मात्र अगाडि बढ्न सुझाव दिए ।सर्वपक्षीय बैठकले मुख्य निर्णय गर्दै जिल्लाभित्रका अतिक्रमित वन क्षेत्र तथा सरकारी जग्गाको यथार्थ लगत सङ्कलन गर्ने र वास्तविक सुकुमवासी तथा पहुँचका आधारमा कब्जा गर्नेहरूको पहिचान गरी वर्गीकरण गर्ने सहमति गरेको छ । वन संरक्षणको कार्यलाई प्रभावकारी बनाउन डिभिजन वन कार्यालय, जिल्ला प्रशासन, स्थानीय तह र सुरक्षा निकायहरूबीच आपसी समन्वयमा नियमित अनुगमन गर्ने निर्णय भएको छ।
कार्यक्रमका बीच डिभिजन वन कार्यालयले जङ्गली जनावर बदेलको आक्रमणबाट ज्यान गुमाएका भैरवी गाउँपालिकाका प्रदीप सिंह र पदमकुमार विष्टका पीडित परिवारलाई जनही रु १० लाखका दरले राहत रकम हस्तान्तरण गरेको छ । रासस

# क्रियाशील युवाद्वारा रक्तदान कार्यक्रम



**मधेशदृष्टि**
**वीरगंज।**
क्रियाशील युवा पत्रकार मञ्चको आयोजनामा वीरगंजमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । वीरगंजको घण्टाघर क्षेत्रमा आयोजित कार्यक्रममा तीनजना महिलासहित ६० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले जानकारी दिए।

मञ्चका अध्यक्ष आनन्द पटेलेको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पर्साका सभापति बृजकिशोर पटेल, प्रेस सेन्टर नेपाल पर्साका अध्यक्ष शिवनाथ यादवलगायत पत्रकार, समाजसेवी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो । कार्यक्रममा पूजा साह, राकेश कुमार साह, आरोहण साह, राजेन्द्र भट्टराई, आदित्य शर्मा, पप्पु साह, प्रताप पटेल, राकेश यादव, सुनिल साह, अनिल पटेल, उपेन्द्र कुमार पटेल, भुपेन्द्र पटेल, अमित आलोक, अस्रफ अलीलगायतले रक्तदान गरेका हुन्।

# उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान

**मधेशदृष्टि**
**वीरगंज।**
शैक्षिक सहिद मुकुन्दप्रसाद खनाल स्मृति प्रतिष्ठानले शनिबार वीरगंजका उत्कृष्ट विद्यार्थीहरूलाई सम्मान गरेको छ।

एसईई २०८२ को नियमित परीक्षामा वीरगञ्ज महानगरपालिका क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयमध्ये हरेक विद्यालयबाट सर्वोत्कृष्ट जीपीए हासिल गर्ने २१ जना विद्यार्थीलाई सम्मान गरिएको हो । वीरगंज पब्लिक कलेजको सभा कक्षमा आयोजित कार्यक्रममा वीरगंज महानगरपालिकाको शिक्षा महाशाखाका प्रमुख आनन्द लामिछाने प्रमुख अतिथि रहेका थिए।

प्रतिष्ठानका अध्यक्ष मुना खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि लामिछानेले सामुदायिक विद्यालयका विद्यार्थीले हासिल गरेको उत्कृष्ट नतिजाले शिक्षा क्षेत्रमा नयाँ आशा र सम्भावना सिर्जना गरेको बताए।

कार्यक्रममा प्रतिष्ठानका सल्लाहकार अधिवक्ता प्रकाश उपाध्याय, अभिलाष गुप्ता, लालबाबु सिंहलगायतको सहभागिता रहेको थियो । प्रतिष्ठानले सम्मानित विद्यार्थीहरूलाई नगद एक हजार पाँच सय रुपियाँ, सम्मानपत्रका साथ खादा ओडाएर सम्मान गरेको थियो।

# जगरनाथपुर गापा पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिकालाई पूर्ण खोप दिगोपना सुनिश्चितता गाउँपालिका घोषणा गरिएको छ।

राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत नियमित खोप सेवाको प्रभावकारी कार्यान्वयन, लक्षित बालबालिकाको शतप्रतिशत खोप सुनिश्चितता तथा खोप सम्बन्धी मापदण्ड पूरा भएपछि गाउँपालिकालाई पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गरिएको हो।

गाउँपालिकाको वडा नं. ५ मसिहानीस्थित कृषि तथा पशुपन्छी सेवा केन्द्रमा आयोजित एक कार्यक्रमबिच गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवले गाउँपालिकालाई पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गरेका हुन् । सो अवसरमा राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नियमित खोप सुदृढीकरण, सरसफाइ प्रवद्र्धन तथा स्वास्थ्य सेवाको अवस्था सम्बन्धी समीक्षा गरिएको थियो।

साथै आगामी दिनमा खोप कार्यक्रमलाई अझ प्रभावकारी बनाउने उद्देश्यले सूक्ष्म योजना अद्यावधिक गोष्ठी समेत सम्पन्न गरिएको गाउँपालिकाका स्वास्थ्यकर्मी अशोक पटेलले जानकारी दिए।

# छात्रवृत्ति छनोट परीक्षा सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित गौतम माध्यमिक विद्यालयमा छात्रवृत्तिका लागि सञ्चालीत प्रवेश तथा छनोट परीक्षासम्पन्न भएको छ । विद्यालयले प्रत्येक वर्षझैँ यस वर्ष पनि पारदर्शी र व्यवस्थित रूपमा परीक्षा सञ्चालन गरेको जनाएको छ।

सञ्चालित परीक्षामा एलकेजीदेखि कक्षा ८ सम्मका कुल १ हजार १४५ विद्यार्थी सहभागी भएका थिए । छात्रवृत्तिका लागि आयोजित परीक्षा शान्तिपूर्ण, अनुशासित र व्यवस्थित वातावरणमा सम्पन्न भएको विद्यालय प्रशासनले जनाएको छ ।



परीक्षा केन्द्रको अनुगमन वीरगंज महानगरपालिका शिक्षा समितिकी उपप्रमुख सृजना बुढाथोकीले गरेकी थिइन् । अनुगमनका क्रममा उनले परीक्षा व्यवस्थापन, अनुशासन र पारदर्शिताको प्रशंसा गर्दै विद्यालयले शिक्षा क्षेत्रमा सकारात्मक भूमिका निर्वाह गरिरहेको बताइन् । उनले यस्ता कार्यक्रमले योग्य र आवश्यकतामा रहेका विद्यार्थीलाई अवसर प्रदान गर्ने विश्वास व्यक्त गरिन्।

# सर्लाही प्रहरीभित्र ‘सेटिङ’ र असुलीको जालो ?

## इन्स्पेक्टर विशाल बुढाथोकीमाथि गम्भीर आरोप

**मधेशदृष्टि**
**सर्लाही।**
जिल्ला प्रहरी कार्यालय सर्लाहीमा कार्यरत प्रहरी निरीक्षक (इन्स्पेक्टर) विशाल बुढाथोकीमाथि प्रहरी संगठनभित्र सरुवा–व्यवस्थापनदेखि अवैध गतिविधिको संरक्षण र असुलीसम्मका गम्भीर आरोपहरू सार्वजनिक भएका छन्। प्रहरी स्रोतहरूले दिएको जानकारीअनुसार अपराध अनुसन्धान शाखामा कार्यरत बुढाथोकीले जिल्ला प्रहरी नेतृत्वसँगको निकट सम्बन्धको आडमा संगठनभित्र अस्वाभाविक प्रभाव कायम गरेको दाबी गरिएको छ।




प्रहरी वृत्तभित्रै चल्ने चर्चाअनुसार चौकी इन्चार्जसहित विभिन्न प्रहरी कर्मचारीको सरुवा तथा पदस्थापनामा उनको प्रभाव रहने गरेको बताइन्छ । स्रोतहरूका अनुसार आर्थिक लाभ हुने तथा सीमावर्ती क्षेत्रका ‘मालदार’ प्रहरी चौकीहरूमा आफू निकटका प्रहरीलाई खटाउने र कम आम्दानी हुने स्थानमा अन्य कर्मचारीलाई पठाउने अभ्यास रहेको आरोपसमेत उनीमाथि लागेको छ।

यति मात्र होइन, जिल्ला प्रहरी कार्यालयभित्र प्रशासन, मुद्दा व्यवस्थापन र अनुसन्धानसँग सम्बन्धित कतिपय संवेदनशील निर्णय प्रक्रियामा समेत उनको अनौपचारिक प्रभाव रहेको दाबी गरिएको छ । औपचारिक अधिकारक्षेत्रभन्दा बाहिरका विषयमा समेत उनको सहमतिबिना प्रक्रिया अघि नबढ्ने अवस्था रहेको स्रोतहरूको भनाइ छ।

स्रोतका अनुसार मलङ्वा निवासी एक हुण्डी कारोबारीसँग इन्स्पेक्टर बुढाथोकीको निकट सम्बन्ध रहेको देखिने विवरण तथा तस्बिरहरू बाहिरिएका छन्। यस्तै, भारतको बिहार क्षेत्रमा सक्रिय केही हुण्डी कारोबारीहरूसँग उनको सम्पर्क र भेटघाट देखिने तस्बिरहरू समेत फेला परेको दाबी गरिएको छ।

प्रहरी स्रोतहरूका अनुसार ‘क्राइम टोली’को नाममा केही प्रहरी कर्मचारीलाई अनौपचारिक रूपमा परिचालन गर्दै जिल्लाका विभिन्न क्षेत्रमा निगरानी र असुलीसम्बन्धी गतिविधि सञ्चालन गरिएको आरोप पनि उठेको छ । पूर्व–पश्चिम राजमार्ग आसपासका केही होटलहरूमा हुने अवैध गतिविधिबाट समेत ‘डिल’मार्फत रकम असुली हुने गरेको दाबी स्रोतहरूले गरेका छन् । यद्यपि, यसबारे सम्बन्धित व्यवसायीहरूले सार्वजनिक रूपमा बोल्न चाहेका छैनन्।

केही दिनअघि लालबन्दी नगरपालिका–परवानीपुर क्षेत्रमा सञ्चालित जुवाखालमा प्रहरीले गरेको छापामारी पनि यतिबेला चर्चाको केन्द्रमा छ। उक्त जुवाखाल इन्स्पेक्टर बुढाथोकीकै संरक्षण र ‘सेटिङ’मा सञ्चालन भइरहेको आरोपसमेत विभिन्न स्रोतहरूले लगाएका छन्। यसअघि पनि जिल्लाभित्र हुने विभिन्न संवेदनशील गतिविधिहरूमा उनको प्रभावशाली भूमिका रहने गरेको चर्चा पटक–पटक उठ्दै आएको बताइन्छ । तर, सार्वजनिक भएका यी सबै आरोपबारे जिल्ला प्रहरी कार्यालय सर्लाहीले हालसम्म कुनै औपचारिक प्रतिक्रिया दिएको छैन।

गम्भीर प्रकृतिका आरोपहरू सार्वजनिक भइरहेका बेला घटनाको सत्यतथ्य बाहिर ल्याउन निष्पक्ष र स्वतन्त्र छानबिन हुनुपर्ने माग सरोकारवाला तथा स्थानीय तहबाट उठ्न थालेको छ।

# रोहिणी नक्षत्रसँगै पर्सामा धान खेतीको चटारो, किसान अझै भारतीय बीउमै निर्भर

**मधेशदृष्टि**
**वीरगंज।**
रोहिणी नक्षत्र सुरु भएसँगै पर्साका ग्रामीण क्षेत्रका किसानहरू वर्षे धानबालीको तयारीमा जुटेका छन् । समयमै वर्षा भएपछि किसानहरूले भदई तथा अगहनी धानका लागि सोना सारो, सोना मन्सुली, मनी मन्सुलीलगायत विभिन्न हाइब्रिड जातका धानको बीउ ब्याडमा राख्न थालेका हुन् । किसानहरूका अनुसार यस वर्ष सुरुमै पर्याप्त वर्षा भएकाले बीउ उम्राउन र ब्याड व्यवस्थापन गर्न सहज भएको छ।



जिराभवानी गाउँपालिका–३ नौकाटोलाका किसान हरिशंकर रायले गत वर्षको तुलनामा यसपटक सिँचाइको आवश्यकता कम परेको बताउँदै अहिले राखिएको बीउ करिब २०–२५ दिनपछि रोपाइँका लागि तयार हुने जानकारी दिए । उनका अनुसार असारको दोस्रो सातादेखि जिल्लामा धान रोपाइँले गति लिनेछ । धान खेतीको तयारी तीव्र बने पनि पर्साका अधिकांश किसान अझै उन्नत तथा हाइब्रिड बीउका लागि भारतीय बजारमै निर्भर छन्। नरकटियागञ्ज, भंगहा, इनरवा, मैनाटाँड, भेलाही, सिकटा र बेतिया लगायतका सीमावर्ती भारतीय बजारबाट किसानहरूले बीउ खरिद गरिरहेका छन्।

नेपाली बजारमा गुणस्तरीय बीउ सहज रूपमा उपलब्ध नहुनु र मूल्य पनि तुलनात्मक रूपमा महँगो पर्नु यसको मुख्य कारण रहेको किसानहरूको भनाइ छ। भारतीय बजारबाट बीउ खरिद गर्दा किसानहरूले मुद्रा सटहीको समस्यासमेत झेलिरहेका छन्। एक सय भारतीय रुपैयाँ बराबर करिब १६० नेपाली रुपैयाँ हुनुपर्ने भए पनि केही व्यापारीले १६५ रुपैयाँसम्म असुल्ने गरेको गुनासो किसानहरूको छ।

बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रले वर्षे धानका १६८ जात सिफारिस गरेको भए पनि पर्सामा सोना मन्सुली, भदई मन्सुली, मनी मन्सुलीलगायतका गैरसिफारिस हाइब्रिड जातप्रति किसानहरूको आकर्षण बढी देखिएको छ । स्थानीय कृषकहरूका अनुसार यस्ता जातको खेती जिल्लाको धानयोग्य जमिनको ९० प्रतिशतभन्दा बढी क्षेत्रमा भइरहेको छ । यता सरकारले औपचारिक स्वीकृति नदिएका भारतीय कम्पनीका धानका बीउहरू नेपाली बजारमा खुला रूपमा बिक्री–वितरण भइरहेका छन् । केही स्थानीय तहले समेत यस्ता बीउमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउँदै आएको स्रोतको दाबी छ । यसले बीउबिजनको गुणस्तर नियन्त्रण, सरकारी नियमन तथा कृषि नीतिको प्रभावकारी कार्यान्वयनमाथि प्रश्न उठाएको सरोकारवालाहरूको भनाइ छ।

# घरदैलोमै विशेषज्ञ स्वास्थ्य सेवाः

# निःशुल्क शिविरबाट २०० जना लाभान्वित

**मधेशदृष्टि**
**वीरगंज।**
‘घरदैलोमा डाक्टर’ अभियानअन्तर्गत प्रभु हस्पिटल, वीरगञ्जले बाराको कोल्भी नगरपालिका–८ नयाँबस्तीमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै २०० जना स्थानीयवासीलाई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गरेको छ । ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले आयोजित शिविरमा वरिष्ठ हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डा. शाश्वत साहले बिरामीहरूको स्वास्थ्य परीक्षण गर्नुका साथै नितम्ब तथा घुँडा जोर्नी प्रत्यारोपणसम्बन्धी आवश्यक परामर्श दिएका थिए । सहभागीहरूलाई निःशुल्क औषधि वितरण गरिनुका साथै सुगर परीक्षणसमेत गरिएको थियो।



शिविरमा वीरगंज सामुदायिक आँखा अस्पतालको सहकार्य रहेको थियो। अस्पतालका आँखा विशेषज्ञ महेश सिंह धामीले निःशुल्क आँखा परीक्षण गरी आवश्यक औषधि वितरण गरेका थिए । परीक्षणका क्रममा मोतियाबिन्दु पहिचान भएका बिरामीहरूको शल्यक्रिया तत्काल गरिने जानकारी आयोजकले दिएको छ। स्वास्थ्य शिविरबाट ११० महिला र ९० पुरुष गरी कुल २०० जनाले सेवा लिएका छन् । लाभग्राहीमध्ये वृद्धवृद्धा, बालबालिका, अशक्त तथा आर्थिक रूपमा कमजोर नागरिकहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रम प्रमुख दिलीप राज कार्कीले अस्पतालसम्म पुग्न कठिनाइ हुने नागरिकलाई आफ्नै समुदायमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अभियान सञ्चालन गरिएको बताए । वडा अध्यक्ष अनुप सुवेदीले गाउँमै विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षण तथा निःशुल्क औषधि वितरण हुनुले स्थानीय बासिन्दालाई ठूलो राहत मिलेको उल्लेख गरे । वडा संयोजक विशाल ठकुरीले यस्ता समाजसेवामूलक स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औँल्याउँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूलाई ग्रामीण समुदायसँग अझ नजिक हुन आग्रह गरे।

स्थानीयवासीको उत्साहजनक सहभागितासहित सम्पन्न शिविरले ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न महत्वपूर्ण योगदान पु¥याएको आयोजकको भनाइ छ।

## सम्पादकीय

# मधेशमा मन्त्रालय घटाउनु उचित छ?

मधेश प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने तयारी गरिरहेको छ, जुन यतिबेला राष्ट्रिय बहसको विषय बनेको छ। एकातिर जनताले प्रदेश सरकार नै खारेज गरौँ भनिरहेका छन् भने अर्कोतिर प्रदेश सरकार मितव्ययिता देखाउन मन्त्रालय घटाउने कसरतमा छ। यो कदम प्रदेश सरकारको औचित्य पुष्टि गर्ने प्रयास हो वा जनदबाबको परिणाम, यसले संघीयताको कार्यान्वयन र प्रदेश सरकारको भविष्यमाथि गम्भीर प्रश्न खडा गरेको छ।

मन्त्रालय घटाउने तयारीको मुख्य कारण आर्थिक भार कम गर्नु र प्रशासनिक दक्षता बढाउनु रहेको देखिन्छ। भौगोलिक रूपमा सानो र आठ जिल्लामा सीमित मधेश प्रदेशमा मन्त्रालयको संख्या बढी हुँदा अनावश्यक खर्च बढेको र यसले प्रदेशको ढुकुटीमा भार परेको गुनासो लामो समयदेखि थियो। सत्ता गठबन्धनभित्रका दलहरूलाई खुसी पार्न धेरै मन्त्रालय बनाइएको आरोप पनि लाग्दै आएको छ। यस सन्दर्भमा, मन्त्रालय घटाउने निर्णयले प्रदेश सरकारले आर्थिक अनुशासन कायम गर्न खोजेको सन्देश दिन सक्छ।

जनतामा प्रदेश सरकारप्रति बढ्दो वितृष्णा र खारेजीको मागलाई पनि यस सन्दर्भमा बिर्सन मिल्दैन । संघीयता कार्यान्वयनमा आएको सात वर्ष बितिसक्दा पनि प्रदेश सरकारहरूले जनअपेक्षा अनुसार काम गर्न नसकेको र उल्टै प्रशासनिक खर्च बढाएको आरोप लाग्ने गरेको छ। विशेषगरी युवा वर्गमा प्रदेश सरकारहरू अनावश्यक र महँगा संरचना हुन् भन्ने धारणा बलियो बन्दै गएको छ । यस्तो अवस्थामा मन्त्रालय घटाउने कदमले जनताको आक्रोशलाई केही हदसम्म मत्थर पार्न सक्छ, तर प्रदेशको औचित्यमाथि उठेका प्रश्नहरूको पूर्ण समाधान भने होइन।

मन्त्रालय घटाउने निर्णयले केही सकारात्मक प्रभाव पार्न सक्छ । यसले प्रशासनिक खर्चमा कमी ल्याई विकास निर्माणमा बढी बजेट विनियोजन गर्न सहयोग पु¥याउन सक्छ । साथै, कम मन्त्रालय हुँदा निर्णय प्रक्रिया छिटो र प्रभावकारी हुन सक्छ। यद्यपि, यसका चुनौतीहरू पनि छन् । मन्त्रालय गाभ्दा वा खारेज गर्दा कर्मचारी व्यवस्थापन, कार्यक्षेत्रको स्पष्टता र राजनीतिक सन्तुलन कायम गर्नुपर्ने हुन्छ। यदि यी पक्षहरूमा ध्यान पु¥याइएन भने यसले थप जटिलता निम्त्याउन सक्छ।

अन्त्यमा, मधेश प्रदेश सरकारको मन्त्रालय घटाउने तयारी स्वागतयोग्य कदम हो, तर यो पर्याप्त छैन । प्रदेश सरकारले आफ्नो औचित्य पुष्टि गर्न केवल मन्त्रालय घटाएर मात्र पुग्दैन, सुशासन, विकास र जनसेवामा ठोस परिणाम देखाउनुपर्छ । जनताको ‘प्रदेश खारेज गरौँ’ भन्ने आवाजलाई सम्बोधन गर्न प्रदेश सरकारहरूले आफ्नो कार्यशैलीमा आमूल परिवर्तन ल्याउनु आवश्यक छ। अन्यथा, यो कदम केवल जनआक्रोश मत्थर पार्ने अस्थायी उपाय मात्र बन्न सक्छ।

# सुस्ताः नदीले काटेको भूमि, विवादले थिचेको भविष्य



–टीकाबहादुर बस्नेत

नेपाल–भारत सीमा विवादको चर्चा हुँदा प्रायः कालापानी, लिपुलेक र लिम्पियाधुराको नाम अगाडि आउँछ । ती विषयहरू राष्ट्रिय राजनीति, कूटनीति र जनभावनाका केन्द्र बन्ने गरेका छन् । तर पश्चिम नवलपरासीको सुस्ता पनि यस्तै एउटा भूभाग हो, जसले दशकौँदेखि आफ्नो अस्तित्वको लडाइँ लडिरहेको छ । फरक यति मात्र हो–यहाँको विवाद हिमालको टाकुरामा होइन, नदीको बदलिँदो धारमा लेखिएको छ ।

अहिले फेरि सुस्ता चर्चामा छ । कारण, नारायणी नदीको कटान रोक्न निर्माण भइरहेको तटबन्ध । सुस्ता गाउँपालिका–५ मा सिँचाइ विभागले नदी नियन्त्रणका लागि तटबन्ध निर्माण गरिरहेको थियो । करिब एक किलोमिटर लामो संरचनाको काम अन्तिम चरणतिर पुग्दै गर्दा थप १३५ मिटर तटबन्ध निर्माणमा भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले आपत्ति जनाएको छ । स्थानीय जनप्रतिनिधिका अनुसार त्यसपछि निर्माण कार्य प्रभावित बनेको छ ।

सतहमा हेर्दा यो एउटा तटबन्ध निर्माणसम्बन्धी विवाद मात्र देखिन सक्छ । तर सुस्ताको सन्दर्भमा कुनै पनि संरचना, कुनै पनि विकास आयोजना र कुनै पनि प्रशासनिक गतिविधि केवल विकासको प्रश्नमा सीमित रहँदैन । त्यो तत्कालै सीमा, सार्वभौमिकता र अस्तित्वको बहससँग जोडिन्छ । किनकि सुस्ताको इतिहास नै त्यस्तो छ, जहाँ भूगोलले राजनीति निर्माण गरेको छ ।

सुस्ताको पीडा आजको होइन । नारायणी नदीले वर्षौंदेखि आफ्नो धार परिवर्तन गर्दै आएको छ । नदीको बहावसँगै भूगोल फेरियो । बस्ती फेरियो । सीमाका सन्दर्भ फेरिए । कतिपय स्थानमा नदीले नेपाली भूमि कटान गर्यो । कतिपय ठाउँमा नयाँ भूभाग देखा परे । यही परिवर्तनले सुस्तालाई नेपाल–भारत सीमा विवादको संवेदनशील बिन्दु बनायो । त्यसैले यहाँ तटबन्ध निर्माणको अर्थ केवल नदी नियन्त्रण होइन, भूभाग जोगाउने प्रयास पनि हो ।

स्थानीयवासीका लागि तटबन्ध कुनै साधारण विकास आयोजना होइन । यो उनीहरूको घर जोगाउने आशा हो । खेतबारी बचाउने उपाय हो । बाढी र कटानबाट भविष्य सुरक्षित गर्ने प्रयास हो । गएको वर्ष नारायणीको बाढीले सुस्ताका बस्ती, विद्यालय, खेलमैदान र खेतीयोग्य जमिन डुबानमा परेका थिए । त्यतिबेला सुस्ताबासीले केवल प्राकृतिक विपत्तिसँग मात्र होइन, असुरक्षाको भावनासँग पनि संघर्ष गरेका थिए । त्यसैले अहिलेको तटबन्ध उनीहरूका लागि कङ्क्रिटको संरचना मात्र होइन, बाँच्न पाउने अधिकारको प्रतीक बनेको छ ।

यही कारण तटबन्ध निर्माणमा आएको अवरोधले स्थानीयमा चिन्ता बढाएको छ । उनीहरूको प्रश्न सरल छ–यदि आफ्नै भूमिमा बाढीबाट बच्न संरचना निर्माण गर्न पनि अवरोध हुन्छ भने सुस्ताको भविष्य कसरी सुरक्षित हुन्छ ? यो प्रश्न केवल स्थानीयको होइन, राज्यकै लागि पनि चुनौती हो ।

सुस्ताको समस्या केवल सीमा विवाद होइन । यो नदीले बदलिदिएको भूगोल, समाधान नपाएको सीमाङ्कन, विकास निर्माणमा आउने अवरोध र सीमावर्ती नागरिकको असुरक्षाको सम्मिलित कथा हो । त्यसैले यसको समाधान पनि केवल सुरक्षा दृष्टिकोणबाट सम्भव छैन । ऐतिहासिक नक्सा, अभिलेख, तथ्य, प्राविधिक अध्ययन र द्विपक्षीय विश्वासका आधारमा दीर्घकालीन समाधान खोजिनुपर्छ ।

किनकि सुस्ता केवल एउटा भूभाग होइन । त्यो नेपालको सीमामा उभिएको एउटा प्रश्न हो–राज्य आफ्ना नागरिकलाई कति सुरक्षित महसुस गराउन सक्छ ? र जबसम्म त्यस प्रश्नको विश्वसनीय उत्तर खोजिँदैन, तबसम्म नारायणीको धारसँगै सुस्ताको पीडा पनि बगिरहनेछ र विवादको शृङ्खला दोहोरिइरहनेछ ।

नारायणीले बगाएको भूगोल, सीमाले बाँधेको नियति

सुस्तामा पुग्दा नेपालका नक्सामा देखिने सीमारेखा र जमिनमा देखिने यथार्थबीचको फरक सहजै महसुस गर्न सकिन्छ । यहाँ सीमा केवल नक्सामा कोरिएको रेखा होइन, दैनिक जीवनको अनुभव हो । नदीले रातारात धार बदल्न सक्छ । खेतबारी हराउन सक्छ । बस्ती सार्न सक्छ र दशकौँदेखि बसोबास गरिरहेका मानिसलाई आफ्नो भूमि नै प्रमाणित गर्नुपर्ने अवस्थामा पुर्याउन पनि सक्छ ।

सुस्ता त्यही भूमि हो, जहाँ प्रकृतिले बनाएको संकटलाई राजनीतिले थप जटिल बनाइदिएको छ । जहाँ नारायणी नदीको बहावले भूगोल फेरिरहन्छ र सीमा विवादको बहसले भविष्यलाई अनिश्चित बनाइरहन्छ । आज फेरि सुस्ता चर्चामा छ । संसदको रोष्टममा उभिएर प्रधानमन्त्री बालेन्द्र शाहले नेपालले भूमि मिचेको अभिव्यक्ति दिएकै भोलिपल्ट हतियारसहित भारतीय सशस्त्र सीमा बल (एसएसबी) नेपाल प्रवेश मात्र गरेन, नदी कटानबाट बस्ती जोगाउन बनाइँदै गरेको तटबन्ध निर्माणमा अवरोध गरेको छ । घटनाले पुरानो घाउ फेरि बल्झाएको छ ।

नेपाल–भारत सीमा विवादको चर्चा हुँदा प्रायः कालापानी, लिपुलेक र लिम्पियाधुराको नाम अगाडि आउँछ । ती विषयहरू राष्ट्रिय राजनीति, संसद् र कूटनीतिक वार्ताका प्रमुख एजेन्डा बनेका छन् । सुस्ता पनि दशकौँदेखि समाधानको प्रतीक्षामा रहेको एउटा जटिल सीमा विवाद हो । यसको विशेषता के छ भने यहाँको विवाद राजनीतिक निर्णय वा युद्धको परिणामभन्दा बढी प्राकृतिक परिवर्तनसँग जोडिएको छ ।

नारायणी (गण्डकी) नदीले आफ्नो धार परिवर्तन गर्दै जाँदा उत्पन्न भएको भूगोलिक जटिलताले आजसम्म सीमा निर्धारणलाई चुनौती दिइरहेको छ । सुस्ता विवादको इतिहास सुगौली सन्धिसँग जोडिन्छ । उक्त सन्धिअनुसार नारायणी नदीलाई नेपाल र तत्कालीन ब्रिटिस भारतबीचको सीमारेखाको आधार मानिएको थियो ।

त्यतिबेला नदीको पूर्वी किनार नेपाल र पश्चिमी किनार भारतको भूभाग मानिएको थियो । तर नदी कुनै स्थिर पर्खाल होइन । समयक्रममा नारायणीले आफ्नो बहाव र धार परिवर्तन गर्दै गयो । नदीको मार्ग बदलिँदै जाँदा सीमाको आधार बनेको भूगोल पनि परिवर्तन हुन थाल्यो । यही परिवर्तनले सुस्तालाई नेपाल–भारत सीमा विवादको संवेदनशील बिन्दु बनायो ।

स्थानीय अभिलेख र अध्ययनअनुसार वि.सं. १९०२ मा मात्रै करिब १३ हजार हेक्टर भूभाग नदी कटानको चपेटामा परेको थियो । त्यसपछि २०११, २०१९ र २०३७ सालमा पनि नदीले ठूलो क्षेत्र बगायो । नदीको निरन्तर कटानका कारण पुरानो सुस्ता गाउँ पञ्चायतको स्वरूप नै परिवर्तन भयो । त्यहाँका धेरै बासिन्दा विस्थापित भए र राज्यले उनीहरूलाई त्रिवेणी क्षेत्रमा पुनःस्थापना गर्नुपर्यो । तर सबैले समान रूपमा पुनर्वासको अवसर पाएनन् । जग्गाधनी प्रमाण भएका परिवारले नयाँ स्थानमा जग्गा पाए भने कागजात नभएका कतिपय परिवार नदीपारिको खाली भूभागमा बसोबास गर्न पुगे । यही अवस्थाले भविष्यमा थप जटिलता सिर्जना गर्यो ।

समयसँगै नदीले छाडेको भूमि पुनः खेतीयोग्य बन्न थाल्यो । उर्वर भूमि भएकाले त्यसमा नेपाली र भारतीय दुवैतर्फका नागरिकको आकर्षण बढ्यो । भोगचलन, खेतीपाती र बसोबासका आधारमा स्वामित्व दाबी हुन थाले । यसले सीमासम्बन्धी विवादलाई झन् जटिल बनायो । सुस्ताको विवाद केवल नक्सामा कोरिएको रेखाको विषय रहेन, यो स्थानीय जनजीवन, जीविकोपार्जन र भूमिमाथिको अधिकारसँग प्रत्यक्ष रूपमा जोडियो ।

सुस्ता विवाद कुनै नयाँ विषय होइन । सन् १९७९ मा भारतीय संसदमा समेत यसबारे प्रश्न उठेको थियो । त्यसबेला नेपाल र भारतबीच विवादित क्षेत्रलाई यथास्थितिमा राख्ने समझदारी बनेको उल्लेख छ । तर त्यसपछि पनि विवादको स्थायी समाधान हुन सकेन । संयुक्त प्राविधिक समितिहरू बने, सीमा सर्वेक्षणका प्रयास भए । विभिन्न चरणमा छलफलहरू पनि भए । तर नदीको परिवर्तनशील प्रकृति र ऐतिहासिक तथ्यको फरक व्याख्याका कारण समाधान अझै अधुरो छ ।

यद्यपि सुस्ता क्षेत्रमा नेपालको प्रशासनिक उपस्थिति निरन्तर रहेको छ । त्यहाँ नेपाली नागरिक बसोबास गर्छन् । विद्यालय सञ्चालनमा छन् । नेपाल प्रहरी र सशस्त्र प्रहरीको उपस्थिति छ । स्थानीय तहको प्रशासनिक संरचना क्रियाशील छ । यसले सुस्ता नेपालको प्रशासनिक पहुँचभित्र रहेको तथ्यलाई पुष्टि गर्छ । तर सीमाङ्कनको अन्तिम निष्कर्ष नआउँदा विवाद समय–समयमा सतहमा आउने गरेको छ ।

हालको विवाद पनि उही नसुल्झिएको सीमा विवादको परिणाम हो । सिँचाइ विभागले नदी कटान नियन्त्रणका लागि निर्माण गरिरहेको तटबन्धको थप १३५ मिटर खण्डमा काम रोकिएको छ । स्थानीय जनप्रतिनिधिहरूका अनुसार यसले विकास निर्माणको काम मात्र प्रभावित गरेको छैन, सुस्ता क्षेत्रको सुरक्षा र अस्तित्वमाथि समेत प्रश्न उठाएको छ ।

स्थानीयवासीका लागि तटबन्ध कुनै साधारण पूर्वाधार होइन । यो बाढी, डुबान र नदी कटानबाट जोगिने सुरक्षा कवच हो । सुस्ताको ठूलो भूभाग नदीको जोखिममा रहेको अवस्थामा तटबन्ध निर्माण रोकिँदा स्थानीयमा चिन्ता बढ्नु स्वाभाविक हो । यदि नदी नियन्त्रणका उपायहरू प्रभावकारी रूपमा अघि बढाउन सकिएन भने विगतमा जस्तै भूभाग कटान र विस्थापनको समस्या दोहोरिन सक्छ ।

सुस्ताको पीडा यही हो–यहाँका मानिसले एकैसाथ दुईवटा लडाइँ लड्नुपरेको छ । एउटा प्रकृतिसँग, अर्को अनिश्चित सीमासँग । नदीले भूमि खोस्ने डर एकातिर छ भने सीमा विवादले विकासका प्रयास अवरुद्ध हुने चिन्ता अर्कोतिर ।

यही कारण सुस्ता विवादको समाधान भावनात्मक अभिव्यक्ति वा राजनीतिक नाराबाजीबाट सम्भव छैन । यसको समाधान ऐतिहासिक नक्सा, अभिलेख, भूगोल, सीमा स्तम्भ र अन्तर्राष्ट्रिय सीमा निर्धारणका स्थापित सिद्धान्तका आधारमा खोजिनुपर्छ । नेपाल र भारतबीच विद्यमान संयुक्त प्राविधिक तथा कूटनीतिक संयन्त्रलाई सक्रिय बनाउँदै तथ्यमा आधारित संवादलाई प्राथमिकता दिन आवश्यक छ ।

अन्ततः सुस्ता केवल एउटा विवादित भूमि होइन । यो सीमावर्ती नागरिकको सुरक्षा, जीवनयापन, राष्ट्रिय सार्वभौमिकता र नेपाल–भारत सम्बन्धको संवेदनशील परीक्षणस्थल हो । त्यसैले सुस्ताको समाधान केवल दुई देशबीचको सीमा व्यवस्थापनको विषय मात्र नभई सीमामा बस्ने नागरिकको अधिकार र भविष्य सुनिश्चित गर्ने दायित्वसमेत हो ।

नारायणी नदीले आज पनि आफ्नो धार बदल्न सक्छ । तर सुस्ताका नागरिकको नियति हरेक वर्ष नदीसँगै बगिरहनु हुँदैन । इतिहासले दिएको यो प्रश्न अब भूगोलले होइन, राजनीतिक इच्छाशक्ति, तथ्य र विश्वासले समाधान गर्नुपर्ने बेला आएको छ । सुस्तालाई केवल नक्सामा बचाएर पुग्दैन, त्यहाँका मानिसको भविष्य पनि बचाउनुपर्छ ।

### फेरि दुख्दै छ सुस्ता

नारायणी नदीले सुस्तालाई पहिलो पटक दुःख दिएको होइन । हरेक वर्ष वर्षायाम सुरु हुनासाथ यहाँका बासिन्दा आकाशतिर होइन, नदीतिर हेर्न थाल्छन् । किनकि उनीहरूलाई थाहा छ–नारायणीको एउटा उग्र बहावले वर्षौंको मिहिनेत, खेतीबाली, घरआँगन र कहिलेकाहीँ इतिहाससमेत बगाउन सक्छ ।

गएको वर्ष आएको बाढीले सुस्ता गाउँपालिका–५ को थारू टोल जलमग्न बनायो । स्थानीयका घर, खेतबारी, विद्यालय, खेलमैदान, पार्कदेखि सुरक्षाकर्मीका पोस्टसम्म डुबानमा परे । भारतीय अतिक्रमणको दबाब र सीमा विवादको तनाव वर्षौंदेखि झेल्दै आएका सुस्ताबासीलाई प्रकृतिले पनि राहत दिएन । उनीहरूका लागि बाढी केवल प्राकृतिक विपत्ति थिएन, आफ्नै भूमि क्रमशः हराउँदै गएको पीडाको अर्को अध्याय थियो ।

त्यसपछि सुस्ताबासीले एउटा निर्णय गरे–नदीलाई नियन्त्रण गर्न सकेनौं भने सुस्ता बचाउन सकिँदैन । यही सोचका साथ यस वर्ष वर्षा सुरु हुनुअघि नै नारायणी किनारमा तटबन्ध निर्माण र जालतार लगाउने काम अघि बढाइयो । संघीय सरकारको बजेटबाट सुस्ताको पूर्वोत्तर तटीय क्षेत्रमा तीनवटा प्याकेजमार्फत् तटबन्ध निर्माण भइरहेको थियो । स्थानीयका लागि यो आयोजना विकासभन्दा बढी अस्तित्वको प्रश्न थियो ।

तर सुस्ताको नियति सधैँझैँ सहज रहेन । प्रधानमन्त्री बालेन शाहले संसदमा सीमा सम्बन्धी अभिव्यक्ति दिएको २४ घण्टा नबित्दै भारतीय सशस्त्र सीमा बल (एसएसबी) सुस्ता क्षेत्रमा पुगेको छ । सुस्ता गाउँपालिकाका अध्यक्ष टेकनारायण उपाध्यायका अनुसार नारायणी नदी किनारमा निर्माणाधीन तटबन्धको काम रोक्न भारतीय पक्षले दबाब दिएको छ । करिब १४ करोड रुपैयाँ लागतको आयोजना अन्तर्गत दुई–ढाइ महिनादेखि काम भइरहेको भए पनि अहिले निर्माण कार्य अनिश्चित बनेको छ ।

स्थानीयहरूका लागि यो केवल तटबन्ध रोकिएको घटना होइन । उनीहरूको बुझाइमा यो सुस्ताको सुरक्षा, भविष्य र अस्तित्वसँग जोडिएको विषय हो । ‘नदीले गाउँ बगाओस् भन्ने कि तटबन्ध बन्न नदिऊँ भन्ने ?’ भन्ने प्रश्न अहिले सुस्ताका चौतारा, चिया पसल र खेतबारीमा सुनिन थालेको छ ।

सुस्ताको इतिहास हेर्दा यो केवल सीमा विवादको विषय मात्र होइन । यो नदीले भूगोल बदल्दै गएको, बस्ती विस्थापित हुँदै गएको र मानिसहरूले आफ्नो भूमि जोगाउन निरन्तर संघर्ष गरिरहेको इतिहास हो । यहाँका नागरिकले दशकौँदेखि बाढी, कटान, अतिक्रमण र अनिश्चित सीमाको भार एकैसाथ बोकेका छन् ।

आज पनि सुस्ताबासीको माग धेरै ठूलो छैन । उनीहरू केवल आफ्नो गाउँ सुरक्षित रहोस्, आफ्नो भूमि जोगियोस् र आफ्ना सन्तानले भयमुक्त भविष्य पाऊन् भन्ने चाहन्छन् । तर विडम्बना, बाढीबाट बच्न बनाइने तटबन्धसमेत विवादको विषय बन्न थालेपछि फेरि एउटा पुरानो प्रश्न जीवित भएको छ–सुस्ता आखिर कहिलेसम्म यसरी दुखिरहनेछ ?

### सुस्ताको समाधान ः सीमा होइन, विश्वासको पनि प्रश्न

सुस्ताको नियति काठमाडौँले कहिले देख्दैन । सुन्दैन । र भोग्दैन पनि । बेलाबेला काठमाडौँ बर्बराउँछ, मारमा सुस्ता पर्दछ । यो केवल एउटा विवादित भूभागको पीडा होइन, नदीले बारम्बार बदलिदिएको भूगोल, राज्यले पूर्ण रूपमा सम्बोधन गर्न नसकेको सीमा समस्या र आफ्नै भूमिमा सुरक्षित भविष्य खोजिरहेका नेपाली नागरिकहरूको बास्तविक यथार्थता हो ।

नारायणी नदीको धार परिवर्तनसँगै सुरु भएको यो विवाद आज पनि समाधानको प्रतीक्षामा छ । यसबीच सुस्ताबासीले बाढी, कटान, विस्थापन, अतिक्रमणको भय र विकास निर्माणमा पटक–पटक आउने अवरोध झेलिरहेका छन् ।

यथार्थ के हो भने सुस्ता विवाद न त नाराबाजीबाट समाधान हुन्छ, न त भावनात्मक अभिव्यक्तिबाट । यसको समाधान इतिहास, प्रमाण र कूटनीतिक परिपक्वतामा खोज्नुपर्छ । सुगौली सन्धि, त्यसपछिका आधिकारिक नक्सा, ऐतिहासिक अभिलेख तथा सीमा सम्बन्धी दस्तावेजलाई आधार बनाएर नेपाल र भारतबीच गम्भीर र तथ्यमा आधारित संवाद अघि बढाउन आवश्यक छ । विशेषगरी सन् १८१६ देखि १९२० सम्मका नक्सा र अभिलेखहरूको संयुक्त अध्ययन गरी दुवै देशका प्राविधिक तथा कूटनीतिक टोलीले साझा निष्कर्षमा पुग्ने प्रयास गर्नुपर्छ ।

त्यससँगै संयुक्त सीमा सर्भे, स्थलगत अध्ययन तथा सीमा स्तम्भहरूको वैज्ञानिक पुनरावलोकन पनि अपरिहार्य छ । सीमा व्यवस्थापनलाई केवल स्थानीय प्रशासनको विषय बनाएर पुग्दैन । प्राविधिक तहका प्रयासलाई उच्चस्तरीय राजनीतिक इच्छाशक्ति र कूटनीतिक सक्रियताले साथ दिनुपर्छ । नेपाल र भारतका नेतृत्व तहले सुस्तालाई प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने समय आएको छ ।

सुस्ताको अर्को महत्वपूर्ण पक्ष नारायणी नदी हो । जबसम्म नदी कटान नियन्त्रण हुँदैन, तबसम्म विवादको प्रकृति पनि बदलिँदै जान्छ । त्यसैले तटबन्ध निर्माण, नदी नियन्त्रण, भू–संरक्षण तथा बाढी व्यवस्थापनका कार्यक्रमलाई सीमा विवादको चस्माबाट होइन, मानवीय सुरक्षा र विकासको दृष्टिकोणबाट हेर्न आवश्यक छ । आखिर नदीले न नेपाली चिन्छ, न भारतीय–त्यसले त आफ्नो बहाव मात्र पछ्याउँछ ।

सरकारले पनि अब सुस्ताप्रति विशेष नीति अवलम्बन गर्नुपर्छ । सुस्ताको ऐतिहासिक, भौगोलिक र कानुनी आधारलाई व्यवस्थित रूपमा अभिलेखीकरण गरी अन्तर्राष्ट्रिय मान्यताअनुरूप तथ्यसंगत दस्तावेज तयार गर्न आवश्यक छ । सीमा क्षेत्रमा राज्यको उपस्थिति थप प्रभावकारी बनाउँदै सुरक्षा, शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार विकासका विशेष कार्यक्रम सञ्चालन गरिनुपर्छ । साथै सुस्ताबासीको आवाजलाई काठमाडौँसम्म पुर्याउने स्थायी संयन्त्र निर्माण गर्नुपर्छ । सबैभन्दा महत्वपूर्ण कुरा, सुस्ताको समाधान खोज्दा त्यहाँ बसोबास गर्ने नेपाली नागरिकलाई केन्द्रमा राख्नुपर्छ । उनीहरूको लालपुर्जा, सुरक्षा, जीविकोपार्जन र आधारभूत अधिकार सुनिश्चित नगरी कुनै पनि समाधान पूर्ण हुन सक्दैन । किनकि सुस्ता केवल नक्सामा देखिने भूमि होइन, त्यो हजारौँ नेपालीको घर, स्मृति र भविष्य हो ।

त्यसैले सरकारले सुस्ता समस्यालाई केवल सीमा व्यवस्थापन वा कूटनीतिक बहसको विषयका रूपमा होइन, राष्ट्रिय प्राथमिकताको मुद्दाका रूपमा हेर्नुपर्छ । प्रमाणमा आधारित कूटनीति, प्रभावकारी सीमा व्यवस्थापन, नदी नियन्त्रण र स्थानीय नागरिकको अधिकार सुनिश्चित गर्ने समन्वित रणनीतिमार्फत मात्र सुस्ताको दीर्घकालीन समाधान सम्भव छ । आखिर सुस्ताको प्रश्न केवल सीमा रेखाको होइन, विश्वास, न्याय र सहअस्तित्वको आधार निर्माण गर्ने प्रश्न पनि हो । (नेपालप्रेस)

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# देश नयाँ राजनीतिक संस्कारतर्फ अघि बढ्दैछः सञ्चारमन्त्री



**धादिङ ।**
सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले देश नयाँ राजनीतिक संस्कारतर्फ अघि बढिरहेको बताउँनुहुँदै पुराना गलत राजनीतिक शैली दोहोर्याउने छुट सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई नरहेको बताएका छन् । रास्वपा धादिङको प्रथम जिल्ला अधिवेशन उद्घाटन समारोहलाई आज यहाँ सम्बोधन गर्दै उनले राजनीति कस्तो हुनुपर्छ भन्ने विषयमा नयाँ बहस (डिस्कोर्स) सुरु भएको उल्लेख गर्दै जनताले विगतमा गलत भनेर आलोचना गरेका अभ्यासलाई निरन्तरता दिन नहुने बताए । देशमा नयाँ राजनीतिक संस्कारको सुरुआत भएको छ । हिजो जुन राजनीतिक शैलीलाई गलत भनेर प्रश्न गर्यौं, त्यही शैलीमा राजनीति गर्ने छुट हामीलाई छैन, उनले भने, राजनीति बारेको बुझाइ र संस्कार दुवै बदल्न जरुरी छ । जुन दलहरूको काम गर्ने शैलीको हामीले विरोध गरेका थियौँ, त्यही शैलीलाई हामीले अपनाउनु हुँदैन । सञ्चारमन्त्री तिमिल्सिनाले रास्वपाका हरेक सदस्यले आफूलाई नयाँ राजनीतिक संस्कारको संवाहकका रूपमा स्थापित गर्नुपर्नेमा जोड दिए । पार्टी कुनै व्यक्ति वा समूहको स्वार्थ पूरा गर्ने, बिचौलियातन्त्रलाई संरक्षण गर्ने वा सीमित व्यक्तिको हितका लागि सञ्चालन हुने संस्था बन्न नहुने उनको भनाइ थियो ।

उनले प्रधानमन्त्री वालेन्द्र शाह र रास्वपा सभापति रवि लामिछानेले अघि सारेको सुशासन, पारदर्शिता र उत्तरदायित्वको दृष्टिकोण अनुसार सबैले देशका लागि योगदान दिनुपर्ने बताए । कुनै व्यक्ति जिल्ला सभापति वा अरु कुनै पदमा हुनु मात्र ठूलो कुरा होइन, दल र देशका लागि कसले कति योगदान गर्न सक्छ भन्ने कुरा महत्त्वपूर्ण हो, उनले भने । मन्त्री तिमिल्सिनाले वडा, पालिका, जिल्ला र प्रदेश तहका कार्यकर्ताको सक्रिय योगदानबाट मात्रै पार्टी बलियो बन्न सक्ने उल्लेख गर्दै आन्तरिक लोकतन्त्र, सहमति र सङ्गठनात्मक अनुशासनलाई प्राथमिकता दिन आग्रह गरे । सकेसम्म सहमति र सहकार्यको माध्यमबाट चुस्त, दुरुस्त र प्रभावकारी सङ्गठन निर्माण गर्नुपर्ने उनको भनाइ थियो ।

राजनीति व्यक्तिगत स्वार्थपूर्ति गर्ने वा कसैलाई पदमा पुऱ्याउने माध्यम नभई देशलाई सही दिशा दिने साधन हुनुपर्ने धारणा व्यक्त गर्दै उनले वडातहदेखि नै राजनीतिक संस्कार परिवर्तन गर्न आवश्यक रहेको बताए । त्यस्तै, नागरिक सेवा प्रवाहलाई भ्रष्टाचारमुक्त, पारदर्शी र उत्तरदायी बनाउने दिशामा सरकार केन्द्रित रहेको उनले उल्लेख गरे । फरक प्रसङ्गमा सञ्चारमन्त्री तिमिल्सिनाले धादिङसहित विभिन्न जिल्लाका दुर्गम क्षेत्रबाट मोबाइल तथा इन्टरनेट नेटवर्क सेवासम्बन्धी गुनासा धेरै आउने गरेको बताए । दूरसञ्चार सेवाको पहुँच र गुणस्तर सुधार सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै उनले आगामी एक वर्षभित्र नेटवर्क सेवामा उल्लेखनीय सुधार गर्ने लक्ष्यका साथ काम भइरहेको जानकारी दिए ।

देशका विभिन्न स्थानमा नेटवर्क समस्या रहेको विषयमा धेरै गुनासा आएका छन् । मोबाइल नेटवर्क सुधारका लागि एक वर्षभित्र महत्त्वपूर्ण उपलब्धि हासिल गर्ने गरी काम अघि बढाइएको छ । सेवा विस्तार र गुणस्तर अभिवृद्धिका लागि थप के गर्न सकिन्छ भन्ने विषयमा मन्त्रालयले निरन्तर काम गरिरहेको छ, उनले भने । रासस

# औषधिको आपूर्ति प्रभावकारी बनाउन मन्त्रीको निर्देशन



**काठमाडौँ ।**
स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले बजारमा अभाव देखिएका औषधिको आपूर्ति तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन औषधि व्यवस्था विभागलाई निर्देशन दिएकी छिन् ।

विभागको अनुगमनपछि उनले विशेषगरी क्यान्सरलगायत जीवनरक्षक औषधिको अभाव हुन नदिन आवश्यक कदम चाल्न आग्रह गरेकी हुन् ।

मन्त्री मेहताले औषधि आपूर्ति र वितरणको अनुमतिका लागि निवेदन दिएका तर हालसम्म अनुमति नपाएका कम्पनीहरूको स्थलगत निरीक्षण गरी प्रक्रिया छिटो अगाडि बढाउन निर्देशन दिइन् । उनका अनुसार, आवश्यक औषधिको उपलब्धता सुनिश्चित गर्न प्रशासनिक प्रक्रिया सहज र पारदर्शी हुनुपर्छ ।

उनले विभागको नियमन क्षमता सुदृढ बनाउन सरकार सहयोग गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गरिन् । विभागलाई प्रभावकारी बनाउन तत्काल आवश्यक स्रोतसाधन र जनशक्तिको विवरण शीघ्र पेस गर्न पनि उनले आग्रह गरिन् ।

सरकारबाट निःशुल्क वितरण गरिने औषधि तथा स्वास्थ्य बीमाअन्तर्गत उपलब्ध गराइने औषधिको गुणस्तर परीक्षणलाई प्राथमिकता दिनुपर्नेमा मन्त्री मेहताले जोड दिइन् । उनले गुणस्तरीय औषधि उपलब्ध गराउन आवश्यक व्यवस्थापन मिलाउन सम्बद्ध निकायलाई निर्देशन दिएकी छिन् ।

विभागका निमित्त महानिर्देशक शिवानी खड्गीले विभागका कामकारबाही र हालको अवस्थाबारे मन्त्रीलाई जानकारी गराएकी थिइन् । रासस

# तीन तहको सरकारमा समन्वयको अभाव छः दाहाल



**कैलाली ।**
राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद अर्यालले स्थानीय र प्रदेशसँग सङ्घीय सरकारको समन्वय नपुगेको गुनासोलाई सङ्घीय संसद्ले सम्बोधन गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

सङ्घले आवश्यक कानुन नबनाउँदा प्रदेश र स्थानीय तहलाई समस्या भएको स्वीकार गर्दै उनले संवैधानिक अधिकारसहित प्रदेश र स्थानीय तहलाई काम गर्ने वातावरण बनाउनुपर्ने बताए ।

सङ्घले कानुन निर्माणमा गरेको ढिलाइले प्रदेश सरकारले आवश्यक कानुन बनाउन र कार्यान्वयन गर्न सकेको छैन, उनले भने । जनताका भावनालाई आत्मसात् गर्दै लोकतन्त्रलाई मजबुत बनाउनेतर्फ तीनवटै तहको भूमिका महत्त्वपूर्ण रहेको उनको कथन थियो ।

अध्यक्ष दाहालले कानुन निर्माणमा सङ्घीय सदनले बढी तदारुकता देखाउन आवश्यक रहेको बताए । उनले भने, द्रुत गतिमा कानुन निर्माणका काम किन भएका छैनन् । त्यसका कारण खोज्न जरुरी छ । जनताले हामीलाई कुरा गर्न पठाएका होइनन् । सम्मेलनमा सङ्घीय संसद्का दुवै सदन र सातवटै प्रदेशसभाका सभामुख सहभागी छन् । सम्मेलन भोलि सम्पन्न हुनेछ । रासस

# अब मबाट हामी भन्ने बेला आयोः लामिछाने



**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले पार्टीको पहिलो महाधिवेशनलाई नेतृत्व चयनको प्रक्रिया मात्र नभई संगठनको दीर्घकालीन भविष्य, राजनीतिक संस्कार र लोकतान्त्रिक अभ्यास निर्माण गर्ने ऐतिहासिक अवसरका रूपमा लिन आग्रह गरेका छन् ।

पार्टीको पहिलो महाधिवेशनअन्तर्गत वडा र पालिका तहका अधिवेशन सम्पन्न भइसकेको तथा जेठ २३ र २४ गते जिल्ला अधिवेशनहरू भइरहेका बेला लामिछानेले शुभकामना सन्देश जारी गर्दै पार्टीभित्र लोकतान्त्रिक विधि, सहमति र स्वस्थ प्रतिस्पर्धाको संस्कार स्थापित गर्नुपर्नेमा जोड दिएका हुन् ।

उनले पार्टीको सर्वोपरि हितका लागि हरेक तहमा सक्षम, इमानदार र जनमैत्री नेतृत्व आवश्यक रहेको उल्लेख गर्दै संवाद, सहमति र आन्तरिक निर्वाचनमार्फत नेतृत्व चयन गर्नु नै रास्वपाको राजनीतिक संस्कार भएको बताएका छन् । यस्ता अभ्यासले पार्टीलाई अझ बलियो र परिपक्व बनाउने उनको भनाइ छ । लामिछानेले रास्वपालाई उन्नत लोकतान्त्रिक शक्ति बनाउने लक्ष्य लिइएको उल्लेख गर्दै विचारसँगै शैली, व्यवहार र राजनीतिक संस्कार पनि उन्नत हुनुपर्ने बताएका छन् । पुरानै सोच, प्रवृत्ति र कार्यशैली बोकेर नयाँ राजनीतिक शक्ति बन्न नसकिने उनको तर्क छ ।

उनले पार्टी स्थापनाका क्रममा सहमतिका आधारमा बाँडिएका तदर्थ जिम्मेवारीलाई स्थायी अधिकार वा पदोन्नतिको आधार ठान्ने प्रवृत्तिप्रति असन्तुष्टि व्यक्त गरेका छन् । 'योगदानको हिसाब–किताब' खोज्ने मानसिकता पार्टी जीवनका लागि हितकर नहुने भन्दै चार वर्षकै अवधिमा यस्तो प्रवृत्ति देखिनु चिन्ताको विषय भएको उनको भनाइ छ ।

सभापति लामिछानेले पार्टी जिम्मेवारीलाई भविष्यमा संसदीय अवसर प्राप्त गर्ने माध्यमका रूपमा हेरेर नेतृत्वका लागि मरिहत्ते गर्ने प्रवृत्ति पनि देखिएको उल्लेख गरेका छन् । यस्ता प्रवृत्तिलाई लोकतान्त्रिक अधिवेशन प्रक्रियामार्फत न्यूनीकरण गर्नुपर्ने आवश्यकता उनले औँल्याएका छन् । उनले रास्वपाको वर्तमान अवस्था कुनै एक व्यक्ति वा सीमित समूहको योगदानबाट नभई मतदाताको विवेक, पार्टी सदस्यहरूको समर्पण तथा पुराना र नयाँ पुस्ताको संयुक्त प्रयासबाट सम्भव भएको बताएका छन् ।

पार्टी अब केवल वैकल्पिक शक्तिको भूमिकामा सीमित नरही मुलुकको नेतृत्व गर्न सक्ने राजनीतिक शक्ति बन्नुपर्ने बताउँदै उनले संगठनलाई अझ फराकिलो, समावेशी र सुदृढ बनाउनुपर्नेमा जोड दिएका छन् । संगठन विस्तारसँगै आफ्नो स्थान गुम्ने संकीर्ण चिन्ता त्याग्न पनि उनले कार्यकर्तालाई आग्रह गरेका छन् ।

'अब 'म' बाट 'हामी'मा रूपान्तरण हुने बेला आएको छ,' लामिछानेले सन्देशमा भनेका छन्, 'युगले दिएको अभिभारा पूरा गर्न, जनमतलाई अझ विस्तार गर्न र राजनीतिलाई सुसंस्कृत, पारदर्शी तथा जनमैत्री बनाउन सबैले धैर्य, त्याग र समर्पण देखाउनुपर्छ ।' उनले रास्वपाको पहिलो ऐतिहासिक महाधिवेशन प्रक्रिया सभ्य, भव्य, सुसंस्कृत र सन्देशमूलक रूपमा सम्पन्न होस् भन्ने शुभेच्छासमेत व्यक्त गरेका छन् । रासस

# सामाजिक सुरक्षा कोषमा १ खर्ब ११ अर्ब योगदान सङ्कलन

**काठमाडौँ ।**
जलविद्युत् परियोजना, विद्युत् प्रसारण लाइन, सौर्य तथा नवीकरणीय ऊर्जा उत्पादन गर्ने उद्योगमा लगानी गर्ने गरी सामाजिक सुरक्षा कोषले कर्जा वा सहवित्तीयकरणमा लगानी गर्ने गरी प्राथमिकताका क्षेत्र निर्धारण गरेको छ । कोषमा यही जेठ २० गतेसम्म रु १ खर्ब ११ अर्ब सात करोड पाँच लाख ८५ हजार बराबरको योगदान रकम जम्मा भएको छ । दैनिक रूपमा रकम थपिँदै गएकाले लगानीको दायरा विस्तार गर्नुपर्ने निष्कर्षमा कोष पुगेको छ । सोही आधारमा कोषले सरकारी स्वामित्वका कम्पनीसँग मिलेर जलविद्युत् तथा नवीकरणीय ऊर्जा परियोजनामा लगानी गर्ने नीति अख्तियार गरेको छ । कोषका चार वटा प्रस्ताव आएकामा दुई वटा प्रस्तावमाथि छलफल भइरहेको छ ।




मुलुकको ऊर्जा क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ कोषमा सङ्कलन भएको प्रस्तावलाई अगाडि बढाउन लागिएको छ । कोषका निर्देशक रोहित रेग्मीले लगानी विविधिकरणका लागि प्रयास भइरहेको जानकारी दिए । कोषमा जम्मा हुने रकम बैङ्क तथा वित्तीय संस्थामा राख्दा आर्थिक विकास र समृद्धिमा योगदान हुन नसक्ने भएकाले थप क्षेत्रको खोजी गरिएको उनको भनाइ छ । आगामी आर्थिक वर्षको बजेटले विभिन्न कोषमा रहेको रकमलाई उपयोग गर्ने नीति अख्तियार गरेको छ ।

खानीजन्य क्षेत्रअन्तर्गत स्वदेशमा 'क्लिङ्कर' उत्पादन गरी सिमेन्ट उत्पादन गर्ने परियोजनामा पनि कोषले लगानी गर्ने नीति लिएको निर्देशक रेग्मीले उल्लेख गरे । उनका अनुसार कोषमा हालसम्म २३ हजार ४७६ रोजगारदाता र २९ लाख ५८ हजार ४२९ योगदानकर्ता सूचीकृत भएका छन् । कोषले कुल दाबी भुक्तानी रु २० अर्ब ४५ करोड २६ लाख १० हजार ७३८ गरेको छ । औषधि उपचार, स्वास्थ्य तथा मातृत्व दाबी रकम रु तीन अर्ब २३ करोड ५१ लाख दुई हजार ९११ बराबर रहेको छ ।

दुर्घटना तथा अशक्तता सुरक्षातर्फ रकम रु २८ करोड ४४ लाख ३० हजार १८८, आश्रित परिवार सुरक्षा दाबी रकम रु ३४ करोड ९५ लाख ७३ हजार ३९८ र अवकाश दाबी रकम रु १६ करोड ५८ लाख ३५ लाख चार हजार २४१ बराबर रहेको कोषका निर्देशक रेग्मीले जानकारी दिए । संस्थागत वा सहवित्तीयकरण कर्जामा पर्यटन क्षेत्र, निर्माण क्षेत्र, सूचना तथा प्रविधि क्षेत्र, सेवामूलक क्षेत्र, कृषि क्षेत्रमा लगानी गर्न सकिने व्यवस्था गरेको छ । सञ्चालक समितिले उपयुक्त ठानेको क्षेत्रमा पर्याप्त धितो वा जमानी लिई संस्थागत कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ । कर्जा प्रवाह गर्दा तिर्ने क्षमता भएको कम्पनीलाई परियोजना स्थापना र सञ्चालनको लागि स्थिर पूँजी कर्जा, चालु पूँजी कर्जा वा चक्र कर्जा समेत प्रवाह गर्न सकिने व्यवस्था छ ।

कोषले २० मेगावाटभन्दा कम क्षमताको विद्युत् परियोजनामा भने कोषले लगानी नगर्ने नीति लिएको निर्देशक रेग्मीले बताए । विद्युत् खरिदसम्बन्धी शर्त तथा बन्देज वा कुनै समयमा प्राधिकरणले विद्युत् खरिद नगर्ने शर्त भएमा, कनेक्सन सम्झौताबमोजिमको सबस्टेसन तयार भई नसकेको परियोजनामा लगानी नगर्ने नीति रहेको उनले उल्लेख गरे । उनका अनुसार कम्तीमा ३० प्रतिशत स्वपुँजी नभएको परियोजना, निजी कम्पनीबाट सञ्चालित परियोजना र कोषको प्राथमिकतामा नपरेको परियोजनामा पनि लगानी नगर्ने नीति छ । रासस

# कानुन निर्माणमा तीन तहका सरकारबीच सहकार्य हुनुपर्छः सभामुख

**कैलाली ।**
सभामुख डोलप्रसाद अर्यालले कानुन निर्माण गर्दा तीन तहका सरकारबीच समन्वय एवं सहकार्य हुनुपर्ने बताएका छन् । अन्तर व्यवस्थापिका मञ्चले टीकापुरमा शनिबार आयोजना गरेको अन्तर व्यवस्थापिका सम्मेलनमा उहाँले सङ्घीयता कार्यान्वयनमा सङ्घीय संसद् र प्रदेशसभाबीच प्रभावकारी रुपमा समन्वय, सहयोग र सहकार्य हुनुपर्ने बताएका हुन् ।

तीन तहका सरकारबीचको समन्वय र सहकार्यमा नबाझिने गरी कानुन निर्माण हुनुपर्नेमा जोड दिँदै सभामुखले भने, 'तीनवटै तहका सरकारले बनाउने कानुन नबाझिने गरी काम गर्न म प्रतिबद्ध छु ।' सबैसँग समन्वय, सहकार्य गरेर कानुन निर्माणलाई अगाडि बढाउनेछु । आपसी समन्वय र सहकार्यले मात्र जनताका अपेक्षालाई बुझेर काम गर्ने वातावरण बन्नेछ ।




कानुन निर्माण हुँदा लक्षितवर्गलाई केन्द्रमा राख्नुपर्नेमा सभामुख अर्यालले जोड दिए । कानुनको कार्यान्वयन गर्नुपर्ने वर्गले कानुन निर्माण भएपछि मात्रै थाहा पाउँदा कार्यान्वयनमा चुनौती देखिँदै गएको भन्दै उनले लक्षित समूहसँग समन्वय र सहकार्य गरेर मात्रै कानुन निर्माण गरिनुपर्ने बताए ।

सभामुख अर्यालले सङ्घीयताले सिंहदरबारको अधिकार गाउँगाउँमा पुऱ्याउने भनिए भए पनि त्यो अधिकार अझै सिंहदरबार बाहिर जान नसकेको बताएका छन् । अझै हामीले जनतालाई दिनुपर्ने अधिकार गाउँगाउँसम्म पुऱ्याउन सकेका छैनौँ, उनले भने । रासस

# दोधरा–चाँदनीमा प्रस्तावित सुक्खा बन्दरगाह क्षेत्रको अवलोकन

**काठमाडौँ ।**
सभामुख डोलप्रसाद अर्याल र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले कञ्चनपुरको दोधारा–चाँदनी नगरपालिकामा निर्माण गरिने प्रस्तावित सुक्खा बन्दरगाह क्षेत्रको अवलोकन गरेका छन् । उच्चस्तरीय अन्तरव्यवस्थापिका सम्मेलनमा सहभागी हुन सुदूरपश्चिम प्रदेश पुगेका उनीहरुले आज नेपालको आर्थिक विकासमा टेवा पुग्ने व्यापारिक पूर्वाधारको अवलोकन गरेका हुन् ।



त्यसक्रममा उपसभामुख रूबी कुमारी तथा राष्ट्रियसभाका उपाध्यक्ष लीलाकुमारी भण्डारीसमेत सहभागी थिए । उनीहरुले धार्मिक, पर्यटकीय तथा आर्थिक दृष्टिले महत्वपूर्ण भक्केनी धाम, ब्रह्मदेव र टनकपुर क्षेत्रको अवलोकन गरेको सभामुख अर्यालको स्वकीय सचिवालयले जनाएको छ ।

सभामुख अर्याल र अध्यक्ष दाहालले महेन्द्रनगर विमानस्थल तथा शुक्लाफाँटा वन्यजन्तु आरक्षण क्षेत्रको अवलोकन गरे ।

त्यसक्रममा उनीहरुले महेन्द्रनगर विमानस्थलको स्तरोन्नति तथा सेवा विस्तारका सम्भावनाबारे सरोकार भएकासँग छलफल गरेका थिए । रासस

# अफ्रिकामा इबोला सङ्क्रमणको खतरा बढ्दो, कङ्गो सबैभन्दा प्रभावित



**किन्सासा ।**
अफ्रिकी मुलुक कङ्गो लोकतान्त्रिक गणतन्त्रमा फैलिएको इबोला महामारीले गम्भीर रूप लिँदै गएको छ । अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्रले सार्वजनिक गरेको पछिल्लो विश्लेषणअनुसार संक्रमित व्यक्तिहरूलाई समयमै पहिचान गरी अलग राख्ने कार्य प्रभावकारी हुन नसकेमा आगामी तीन महिनाभित्र सङ्क्रमितको संख्या २० हजारभन्दा बढी पुग्न सक्ने जोखिम रहेको छ । केन्द्रका अनुसार हालको कमजोर नियन्त्रण अवस्थालाई निरन्तरता दिइएमा संक्रमित संख्या २० हजार नाघ्ने सम्भावना ६५ प्रतिशतसम्म रहेको छ ।
विशेषज्ञहरूले इबोला सङ्क्रमितलाई छिटो पहिचान गरी उपचार केन्द्रमा अलग राख्नु महामारी नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय भएको बताएका छन् ।
तर प्रभावित क्षेत्रहरूमा स्वास्थ्य सेवाको पहुँच सीमित हुनु, जनशक्तिको अभाव तथा असुरक्षाका कारण संक्रमितहरूको वास्तविक संख्या यकिन गर्न कठिन भइरहेको छ ।
इबोला नियन्त्रण अभियानमा संलग्न वरिष्ठ अधिकारी सतीश पिल्लईले संक्रमणको वास्तविक अवस्था अझै पूर्ण रूपमा स्पष्ट नभएको बताए । उनका अनुसार उपचार र अलग राख्नुपर्ने संक्रमितहरूको सङ्ख्या अनुमानभन्दा बढी हुन सक्ने संकेतहरू देखिएका छन् । स्थलको अवस्थाले हाल संक्रमितहरूलाई अलग राख्ने कार्य पर्याप्त प्रभावकारी नभएको देखाएको उनले उल्लेख गरे ।
यसैबीच, विश्व स्वास्थ्य संगठन र अफ्रिकी संघको सार्वजनिक स्वास्थ्य निकायले कंगो तथा छिमेकी मुलुकहरूमा फैलिएको इबोला महामारी नियन्त्रण गर्न आगामी छ महिनाका लागि ५१ करोड ८० लाख अमेरिकी डलर आवश्यक पर्ने जनाएको छ ।
उक्त रकम उपचार, निगरानी, खोप अभियान, जनचेतना अभिवृद्धि तथा सीमा क्षेत्रमा स्वास्थ्य सुरक्षा सुदृढीकरणका लागि खर्च गरिने बताइएको छ । यो महामारी गत मे १५ मा कङ्गोको उत्तरपूर्वी क्षेत्रमा औपचारिक रूपमा घोषणा गरिएको थियो । यद्यपि दुर्लभ बन्डिबुग्यो प्रजातिको इबोला भाइरस घोषणा हुनुभन्दा केही समयअघिदेखि नै समुदायमा फैलिइरहेको स्वास्थ्य अधिकारीहरूको अनुमान छ ।
पछिल्लो तथ्यांकअनुसार कङ्गोमा हालसम्म ३८१ जनामा संक्रमण पुष्टि भएको छ । तीमध्ये ६४ जनाको मृत्यु भइसकेको छ । संक्रमण विशेषगरी तीन प्रान्तमा फैलिएको छ, जसमध्ये इटुरी प्रान्त सबैभन्दा बढी प्रभावित बनेको छ ।
कुल संक्रमितमध्ये करिब ९० प्रतिशत र मृत्यु भएका व्यक्तिमध्ये ७६ प्रतिशत इटुरी प्रान्तकै रहेका छन् । छिमेकी मुलुक युगान्डामा पनि संक्रमण फैलिन थालेको छ । त्यहाँ हालसम्म १६ जनामा संक्रमण पुष्टि भएको छ भने एक जनाको मृत्यु भएको छ । यद्यपि उपचारपछि कंगोमा सात जना र युगान्डामा दुई जना सङ्क्रमित पूर्ण रूपमा निको भएका छन् ।
स्वास्थ्य अधिकारीहरूले महामारी अझै नियन्त्रणबाहिर जाने जोखिम रहेको चेतावनी दिँदै संक्रमितको खोजी, सम्पर्कमा आएका व्यक्तिहरूको निगरानी, उपचार सेवाको विस्तार र जनचेतना कार्यक्रमलाई थप प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय समुदायसँग सहयोगको अपिल गरेका छन् । रासस

# दक्षिण सुडानमा द्वन्द्व चर्किँदा तीन लाखभन्दा बढी विस्थापित



**जुबा ।**
संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्तको कार्यालयले दक्षिण सुडानको पूर्वी जोङ्लेई राज्यमा गम्भीर मानवीय तथा सुरक्षा संकट उत्पन्न भएको चेतावनी दिएको छ । महिनौंदेखि जारी द्वन्द्व र असुरक्षाका कारण सयौं हजार नागरिक घरबार छाड्न बाध्य भएका छन् ।
संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायका अनुसार जोङ्लेई राज्यको अकोबो काउन्टीबाट मात्रै करिब एक लाख ४० हजार मानिस विस्थापित भएका छन् । सन् २०२५ को डिसेम्बरयता जोङ्लेई तथा छिमेकी राज्यहरूबाट तीन लाखभन्दा बढी मानिस आफ्नो घर छाड्न बाध्य भएका छन् ।
सुरक्षाको खोजीमा करिब एक लाख मानिस छिमेकी इथियोपिया पुगेका छन् । प्रभावित क्षेत्रमा जनसंख्याको आवागमन निरन्तर भइरहेकाले अवस्थालाई अस्थिर र चुनौतीपूर्ण मानिएको छ । संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्तको कार्यालयले अकोबो तथा आसपासका क्षेत्रमा आश्रय लिएका परिवारहरू आगामी दिनमा अझ बढी जोखिममा पर्ने जनाएको छ । भारी वर्षा बढ्दै जाँदा उनीहरू बाहिरी सहयोगबाट थप टाढिने, विभिन्न रोगको जोखिम बढ्ने तथा राहत वितरण कार्य झन् कठिन हुने चेतावनी दिइएको छ ।
सन् २०११ मा स्वतन्त्रता प्राप्त गरेयता दक्षिण सुडानले पटक–पटक सशस्त्र द्वन्द्व, व्यापक विस्थापन तथा जलवायुजन्य विपद्को सामना गर्दै आएको छ । तथ्याङ्कअनुसार हाल करिब २४ लाख दक्षिण सुडानी शरणार्थी छिमेकी मुलुकहरूमा बसिरहेका छन् भने झन्डै २० लाख मानिस आफ्नै देशभित्र विस्थापित अवस्थामा रहेका छन् । यसैबीच सन् २०२३ को अप्रिलदेखि सुडानमा जारी युद्धका कारण दक्षिण सुडानले १३ लाखभन्दा बढी मानिसलाई आश्रय दिएको छ । तीमध्ये स्वदेश फर्किएका नागरिक, शरणार्थी तथा आश्रय खोज्ने व्यक्तिहरू रहेका छन् । मानवीय निकायहरूले द्वन्द्व प्रभावित क्षेत्रमा तत्काल सहायता, सुरक्षा तथा राहत कार्यक्रम विस्तार गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेका छन् । रासस

# विदेशबाट फर्केर फलफूलखेती विस्तार गर्दै लक्ष्मीप्रसाद




**भोजपुर ।**
भोजपुरको अरुण गाउँपालिका–७ ढुङ्गेका लक्ष्मीप्रसाद अधिकारी विदेशबाट फर्किएपछि व्यावसायिक कृषि कर्ममा सक्रिय बन्दै उदाहरणीय किसानका रूपमा स्थापित भएका छन् । करिब छ वर्ष मलेसियामा रोजगारी गरेर स्वदेश फर्किएका अधिकारीले विगत पाँच वर्षदेखि फलफूलखेतीलाई मुख्य व्यवसायका रूपमा अँगाल्दै आएका हुन् ।
अधिकारीले अहिले २५ रोपनी क्षेत्रमा विभिन्न फलफूलका बिरुवा विस्तार गरेका छन् भने बाँकी रहेको करिब सात रोपनी जमिनमा क्रमशः खेती विस्तार गर्ने योजना बनाएका छन् । विदेशमा लिएको सीप, अनुभव र पुँजीलाई आफ्नै गाउँमा प्रयोग गर्दै कृषि पेसालाई दीर्घकालीन आम्दानीको भरपर्दो माध्यम बनाउने लक्ष्य लिएको उनले बताए ।
अधिकारीले लिची, आँप, अनार, कागती, एभोकाडो (घिउ फल), रुद्राक्षजस्ता बहुवर्षीय फलफूलका साथै मौसमी तरकारीखेती गर्दै आएका छन् । केही बिरुवाले उत्पादन दिन थालिसकेका जनाउँदै उनले आगामी वर्षमा सबै बिरुवाबाट आम्दानी लिन सकिने विश्वास व्यक्त गरे ।
‘अहिले केही बिरुवाबाट मात्रै आम्दानी सुरु भएको छ’, अधिकारीले भने, ‘सबै बिरुवा उत्पादनमा आएपछि वार्षिक पाँचदेखि १० लाखसम्म आम्दानी गर्ने लक्ष्य राखेको छु ।’
विदेशी भूमिमा वर्षौंसम्म श्रम बेच्नुभन्दा आफ्नै गाउँमा केही गरौँ भन्ने सोचले आफू कृषिमा लागेको उनले बताए । विदेशमा दुःख धेरै भयो । अब आफ्नै ठाउँमै केही गरेर देखाउने लक्ष्य छ, उनले भने ।
अधिकारीले करिब २६ वर्ष अरूको जमिनमा बस्दै आएका थिए । अहिले आफ्नै जमिनमा व्यावसायिक खेती विस्तार गर्न पाउँदा उनी उत्साहित छन् । उनको प्रयासले स्थानीयस्तरमा कृषि पेसाप्रति आकर्षण बढ्दै गएको छ ।
कृषि विस्तारसँगै उनले बाख्रापालन गर्दै आएका छन् । बाख्राबाट उत्पादन हुने गोठेमाल (जैविक मल) प्रयोग गरी बोटबिरुवाको व्यवस्थापन गर्ने गरिएको अधिकारीले बताए । यसले उत्पादन लागत घटाउनुका साथै माटोको उर्वराशक्ति कायम राख्न सहयोग पुगेको उनको अनुभव छ ।
स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सकिने सम्भावना देखिएको भन्दै अधिकारीले भविष्यमा खेतीलाई अझै विस्तार गर्ने योजना बनाए ।
आधुनिक प्रविधि, बजार व्यवस्थापन तथा प्राविधिक सेवामा राज्यले सहज पहुँच उपलब्ध गराए कृषिबाट अझ राम्रो आम्दानी लिन सकिने उनको भनाइ छ । यदि प्राविधिक सेवा र बजार व्यवस्थापनमा सहयोग पाइयो भने कृषिमा लागेका किसानलाई धेरै सहज हुन्छ, उनले भने । रासस

# रसुवामा ‘लाङटाङ ट्रेल रन’ प्रतियोगिता





**रसुवा ।**
हिमाली क्षेत्रको पर्यटन प्रवद्र्धन तथा लाङटाङ क्षेत्रको अन्तरराष्ट्रिय पहिचान विस्तार गर्ने उद्देश्यले रसुवामा ‘लाङटाङ ट्रेल रन’ प्रतियोगिता सुरु गरिएको छ ।
रसुवा–नुवाकोट पर्यटन समाजको आयोजनामा भएको प्रतियोगिताको शनिबार लाङटाङको क्याङ्जेनमा उद्घाटन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले लाङ्टाङ क्षेत्रको पर्यटन विकासका लागि पदमार्ग तथा पूर्वाधार सुधार आवश्यक रहेको बताए । उनले हिमाल र हिमाली वातावरण संरक्षण, जलवायु परिवर्तनका चुनौतीबीच हिउँ र हिमाली सम्पदाको संरक्षणमा सबै पक्ष जिम्मेवार बन्नुपर्ने धारणा राखे ।
मुख्यमन्त्री बानियाँले स्थानीय हावापानी अनुकूल कृषि उत्पादन वृद्धि गरी पर्यटकलाई स्वस्थ तथा सन्तुलित भोजन उपलब्ध गराउन सके पर्यटन क्षेत्र थप आकर्षक बन्ने बताए । समुद्र सतहबाट करिब तीन हजार ८७० मिटर उचाइमा रहेको क्याङ्जेनमा आयोजित प्रतियोगितामा सहभागी खेलाडीले क्याङ्जेनदेखि स्याफ्रुबेँसीसम्मको ३२ किलोमिटर दूरी पार गर्नुपर्नेछ । प्रतियोगितामा दुई विदेशी महिलासहित एक सय तीन खेलाडी सहभागी भएको आयोजकले जनाएको छ ।
बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठ, आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङ तथा पर्यटन सचिव दीपेन्द्र सुवेदीलगायतको सहभागिता रहेको थियो । पर्यटनमन्त्री श्रेष्ठले लाङटाङ क्षेत्रको प्राकृतिक सौन्दर्य, हिमाली संस्कृति र जैविक विविधतालाई विश्वसामु चिनाउन सबै सरोकारवालाबीच सहकार्य आवश्यक रहेको बताए । उनले लाङटाङ पदमार्गलाई नेपालको प्रमुख पर्यटन गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित वातावरण संरक्षण, सरसफाइ र गुणस्तरीय सेवा प्रवाहमा जोड दिए ।
आर्थिक मामिलामन्त्री तामाङले स्थानीय समुदाय, पर्यटन व्यवसायी र सरोकार भएका निकायबीच सद्भाव र सहकार्यले मात्र हिमाली पर्यटनको दिगो विकास सम्भव हुने बताए । उनले लाङ्टाङ भ्रमणमा आउने पर्यटकलाई आत्मीयतापूर्वक सेवा प्रदान गरी नेपालको सकारात्मक छवि निर्माण गर्न आग्रह गरे । खेल, पर्यटन र वातावरण संरक्षणलाई एकै सूत्रमा जोड्ने उद्देश्यले आयोजना गरिएको ट्रेल रनले हिमाली क्षेत्रको प्रचारप्रसारमा महत्त्वपूर्ण योगदान पु¥याउने विश्वास गरिएको ट्रेकिङ एसोसियसन अफ नेपाल (टान) का पूर्वअध्यक्ष दीपक महतले बताए । रसुवा–नुवाकोट पर्यटन समाजका अध्यक्ष बलराम न्यौपानेका अनुसार यस्ता कार्यक्रमले लाङटाङ क्षेत्रलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटन बजारमा स्थापित गर्न थप मद्दत पुग्नेछ । यहाँ आयोजित साहसिक दौड प्रतियोगिता केवल खेलकुद गतिविधि मात्र नभई लाङटाङको प्राकृतिक सौन्दर्य, संस्कृति र पर्यटन सम्भावनालाई विश्वसामु चिनाउने प्रभावकारी माध्यमका रूपमा हेरिएको गोसाइँकुण्ड गाउँपालिका–४ का वडाध्यक्ष ढिण्डुप तामाङको भनाइ छ । रासस

# झाडी फाँडेर फलफूल बगैँचा



**म्याग्दी ।**
बेनी नगरपालिका–९ गिठिनीका सुजन चोखालले बाझिँएको पाखोबारीमा झाडी फाँडेर फलफूल बगैँचा स्थापना गरेका छन् । रामकृष्ण कृषि, पशुपन्छी तथा फलफूल नर्सरीका सञ्चालक २६ वर्षीय चोखालले पाखोबारीलाई सुन्तला, कागती, टिमुर, ओखर, किबी र अकबरे खुर्सानीखेती गरेर हराभरा बनाएका हुन् ।
बालिविज्ञान विषयको पढाइ सकेर २०७५ सालमा स्थापना गरेको फार्ममा फलफूलका बिरुवा उत्पादन गर्दै आएको थिएँ, उनले भने, यसपालि उत्तिस र वनमाराले भरिएको दुई ठाउँमा ३० रोपनी बाँझो पाखोबारीमा झाडी फाडेर फलफूलखेती सुरु गरेको छु ।
पाँच सय सुन्तला, एक सय कागती, दुई सय टिमुर, ४० वटा ओखर र ३० बोट किबी लगाएका चोखालले सात रोपनीमा ‘मल्चिङ’ विधिबाट अकबरे खुर्सानीखेती गरेका छन् । उनको फार्ममा पाँच हजार सुन्तला र सात हजार कागतीका बिरुवा छन् । सात हजार तीनपाते सुन्तला, सात–सात सय टिमुर र अम्बाको बिरुवा तयारी अवस्थामा छन् ।
“नर्सरीका सबै बिरुवा बिक्री भयो भने १५ लाख आम्दानी हुने अनुमान गरेको छु”, चोखालले भने, “फलफूलखेती र बिरुवा उत्पादनका साथै पाँच सय स्थानीय जातका कुखुरा र दुई सय ५० कालिज पनि पालेको छु ।” माछा र माहुरी पनि पालिएको उक्त फार्ममा १६ रोपनीमा अदुवाखेती भएको छ । बेनी नगरपालिका–२ बगरफाँटमा केराखेती पनि सुरु भएको छ ।
रघुगङ्गा गाउँपालिका–२ मा रहेको मुक्तिधाम माध्यमिक विद्यालयमा कृषि प्राविधिक विषयको सहायक प्रशिक्षक रहेका चोखाल साँझ, बिहान र बिदाको समयमा फार्ममा व्यस्त छन् । उहाँलाई भाइहरू पशु प्राविधिक राम र इन्जिनियरिङ अध्ययन गरेका कृष्णले फार्म सञ्चालनमा सघाउँदै आएका छन् ।
वार्षिक २० लाखदेखि २५ लाखको कारोबार हुने फार्ममा घरपरिवारका सदस्यबाहेक सिजनमा ७० देखि ८० जनाले रोजगारी पाएका सञ्चालक चोखालले बताए । कृषि विकास कार्यालयले नर्सरीको पलास्टिक घर निर्माण र अदुवाखेतीका लागि सहयोग गरेको छ । चोखाल दाजुभाइ नर्सरी, कुखुरापालन र फलफूलखेतीबाट स्वरोजगार र आत्मनिर्भर बनेका छन् ।
रोजगारी र अवसरको खोजीमा धेरै युवा विदेश र बजार पलायन भइरहेको समयमा चोखाल दाजुभाइले बाँझिएको पाखोबारीलाई हराभरा बनाएर सकारात्मक सन्देश दिएका उनका छिमेकी सन्दीप खत्रीले बताए । बिरुवा, फलफूल र कुखुरा खरिदका लागि ग्राहक फार्ममै आउँछन् । बजारको समस्या छैन । काम गर्ने जनशक्ति नपाउनु फार्म सञ्चालनमा मुख्य चुनौती बनेको सञ्चालक चोखालले बताए । रासस

# विश्वभरका साना जलाशयको क्षमता घट्दैः अध्ययन



**नान्जिङ ।**
हालै सार्वजनिक एक अध्ययनले विश्वभरका साना जलाशयहरूको पानी भण्डारण क्षमता उल्लेखनीय दरमा घटिरहेको देखाएको छ । यसले भविष्यमा पानी अभावको सामना गरिरहेका अर्बौं मानिसलाई थप प्रभावित पार्न सक्ने चेतावनी दिइएको छ ।

प्रख्यात वैज्ञानिक पत्रिकामा प्रकाशित अध्ययनअनुसार विश्वका जलाशयहरूले प्रत्येक दशकमा औसत ७ दशमलव ३ प्रतिशत भण्डारण क्षमता गुमाइरहेका छन् । विशेषगरी साना जलाशयहरू यस समस्याबाट सबैभन्दा बढी प्रभावित भएका छन् । चिनियाँ विज्ञान प्रतिष्ठानअन्तर्गत नान्जिङ भूगोल तथा ताल विज्ञान संस्थानका अनुसन्धानकर्ताहरूको नेतृत्वमा गरिएको अध्ययनले उपग्रह तस्बिर, भौगोलिक तथ्याङ्क तथा इन्जिनियरिङ अभिलेखको आधारमा विश्वव्यापी जलाशयको विस्तृत तथ्याङ्क भण्डार तयार गरेको छ । यसमा विश्वभरका पाँच लाख ५० हजारभन्दा बढी जलाशय समेटिएका छन् ।

अध्ययनअनुसार तीमध्ये ९५ प्रतिशतभन्दा बढी जलाशय एक वर्ग किलोमिटरभन्दा साना छन् । यस्ता जलाशयहरू अघिल्ला धेरै अनुसन्धानमा पर्याप्त रूपमा समावेश गरिएका थिएनन् । अनुसन्धानकर्ता लिउ काईका अनुसार साना जलाशयलाई समेत समेटेर गरिएको यो पहिलो उच्च–स्तरीय विश्वव्यापी मूल्याङ्कन हो । उनले जलाशयहरूले कृषि सिँचाइ, खानेपानी, बाढी नियन्त्रण तथा विद्युत् उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने बताए । तर नदीबाट बगेर आउने माटो, बालुवा तथा अन्य पदार्थ बाँध पछाडि थुप्रिँदै जाँदा जलाशयमा पानी भण्डारण गर्ने ठाउँ घट्दै जाने र उपयोगिता कमजोर बन्दै जाने समस्या बढिरहेको उनको भनाइ छ ।

अध्ययनले जलाशयमा अत्यधिक गाद जम्ने १६ वटा प्रमुख जोखिम क्षेत्र पनि पहिचान गरेको छ । तीमध्ये धेरै क्षेत्र सिँचाइमा निर्भर कृषि उत्पादनका केन्द्र तथा पानी अभाव झेलिरहेका स्थानहरू रहेका छन् । विश्वको करिब एक चौथाइ सिँचित खेतीयोग्य भूमि यस्ता उच्च जोखिमयुक्त क्षेत्रमा पर्दछ, जसको प्रभाव दुई अर्बभन्दा बढी मानिसमा पर्न सक्ने अध्ययनले जनाएको छ । यसले दीर्घकालीन खाद्य तथा जल सुरक्षाप्रति गम्भीर चिन्ता उत्पन्न गरेको छ ।

अनुसन्धानकर्ताहरूले तत्काल प्रभावकारी कदम नचालिए सन् २०६० सम्म विश्वका आधाभन्दा बढी जलाशयहरूको कार्यक्षमता गम्भीर रूपमा प्रभावित हुन सक्ने चेतावनी दिएका छन् । अर्का अनुसन्धानकर्ता सोङ छुनछियाओले जलाशयमा गाद जम्ने समस्या पानी, खाद्य तथा ऊर्जा सुरक्षाका लागि बढ्दो चुनौती बन्दै गएको उल्लेख गर्दै दिगो व्यवस्थापन प्रणाली अपनाउनुपर्ने आवश्यकता औँल्याएका छन् । उनका अनुसार मानव कल्याण र विश्वव्यापी विकास लक्ष्य हासिल गर्न जलाशयको दिगो संरक्षण अपरिहार्य छ । रासस

# 'एआई एक्सरे'बाट क्षयरोग सङ्क्रमित खोज्दै 'तुलसीपुर'



**दाङ ।**
दाङको तुलसीपुरलाई क्षयरोगमुक्त बनाउनका लागि 'एआई एक्सरे' मेसिनबाट सङ्क्रमित पहिचान गर्ने गरिएको छ । तुलसीपुरका १९ वटा वडामध्ये १७ वडामा 'एआई एक्सरे'बाट क्षयरोगका बिरामी खोजिएको फोकल पर्सन शिवप्रसाद तिवारीले बताए ।

तुलसीपुरको २ र १३ नम्बरमा भने अझै त्यसरी बिरामी खोजिएको छैन । त्यो बाहेक अन्य १७ वडामा 'एआई एक्सरे'बाट बिरामी खोजिएको उनको भनाइ छ । विभिन्न शिविरमा उक्त मेसिन प्रयोग गरेर सङ्क्रमित खोज्ने गरिएको छ । जसले चिकित्सकलाई क्षयरोग पहिचान गराउन सहज भएको छ । पहिले साधारण एक्सरेबाट क्षयरोग पहिचान गर्ने गरिन्थ्यो,' उनले भने, 'अहिले एआई एक्सरेबाट रोग पहिचान गर्ने गरेका छौँ, त्यसले सहज बनाएको छ ।'

एआई एक्सरेले साधारण माइक्रोस्कपी गर्दा पनि नदेखिएको क्षयरोगको सङ्क्रमण देखाउने गरेको तुलसीपुर उपमहानगरपालिकाका जनस्वास्थ्य प्रबद्र्धन शाखा प्रमुख ओमपी न्यौपानेले बताए । उनका अनुसार एआई एक्सरेमा सङ्क्रमण देखिएमा त्यसको पुष्टीका लागि पुनः 'जीनएक्सपर्ट' मेसिनमा परीक्षण गरिन्छ । यो सेवा राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा रहेको छ । हामीले पहिले एआइएक्सरे मेसिनबाट हेर्छौं, त्यसपछि जीनएक्सपर्ट मेसिनमा परीक्षण गरेपछि पोजेटिभ देखिएमा उपचार सुरु गर्छौं, शाखा प्रमुख न्यौपानेले भने, 'यसरी हामीले सङ्क्रमित पहिचान गरी उपचार गर्ने गरेका छौँ ।'सङ्क्रमितलाई 'डटस्' अर्थात प्रत्येक दिन निगरानी गरेर औषधि खुवाउने गरिएको छ । यसरी छ महिनासम्म प्रत्येक्ष स्वास्थ्यकर्मीको निगरानीमा औषधि खुवाउने गरिएको शाखा प्रमुख न्यौपानेले बताए ।

तुलसीपुर उपमहानगरपालिकालाई क्षयरोगमुक्त पालिका बनाउने अभियानअन्तर्गत यसरी क्षेयरोग सङ्क्रमितको पहिचान गरि उपचार गर्ने गरिएको छ । हाल उक्त कार्यक्रम दोस्रो वर्षमा सञ्चालित छ । आर्थिक वर्ष २०८१÷८२ देखि तुलसीपुरमा उक्त कार्यक्रम सञ्चालनमा आएको हो ।

तुलसीपुर उपमहानगरपालिकाले ९७ प्रतिशत सङ्क्रमितलाई उपचार गरिसकेको प्रमुख न्यौपानेले बताए । चालु आर्थिक वर्षको जेठ १८ गतेसम्म तुलसीपुरमा ३५५ जना सङ्क्रमित पहिचान गरिएको छ । १५ वर्ष मुनीका ३४ जना र १५ वर्ष माथिका ३२१ जनामा क्षयरोग सङ्क्रमण भएको पुष्टि भएको छ । प्रत्येक एक लाखमा २२७ जनामा क्षयरोग सङ्क्रमण देखिएको उहाँको भनाइ छ । हाल तुलसीपुरमा १३ डट्स केन्द्र, चार स्थानमा टीवी माइक्रोस्कपी लागु गरिएको छ । रासस

# पचास प्रतिशत अनुदानमा कृषि उपकरण वितरण



**तनहुँ ।**
तनहुँको भानु नगरपालिका–९ ले चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रमअनुसार किसानलाई पचास प्रतिशत अनुदानमा कृषि उपकरण वितरण गरेको छ । कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै उत्पादन लागत घटाउने तथा किसानलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्ने उद्देश्यले वडाभित्रका किसानको मागका आधारमा उपकरण वितरण गरिएको हो ।

कार्यक्रमअन्तर्गत १४ थान मिनी टिलर, १० थान कम्बाइन्ड मिल, चार थान 'स्प्रे मेसिन' तथा चार थान घाँस काट्ने उपकरण वितरण गरिएको वडाध्यक्ष मीन गुरुङले जानकारी दिए । कृषि कार्यमा प्रयोग हुने यस्ता उपकरणले किसानको श्रम, समय र लागत बचत गर्न सहयोग पुग्ने विश्वास लिइएको उनले बताए ।

हाल कृषि क्षेत्रमा जनशक्तिको अभाव, उत्पादन लागतमा भएको वृद्धि तथा परम्परागत कृषि प्रणालीका कारण धेरै किसान कृषि पेसाबाट निरुत्साहित हुने अवस्था देखिएको छ । यस्ता चुनौतीलाई मध्यनजर गर्दै कृषिलाई प्रविधिमैत्री, उत्पादनमुखी र व्यावसायिक बनाउन वडा कार्यालयले अनुदान कार्यक्रम सञ्चालन गरेको वडाध्यक्ष गुरुङले बताए । उनले भने, "किसानले आधुनिक उपकरणको प्रयोगमार्फत कम समयमा बढी काम गर्न सक्ने, उत्पादन लागत घटाउन सक्ने र उत्पादन वृद्धि गर्न सक्ने अपेक्षा गरिएको छ ।"

वडाध्यक्ष गुरुङका अनुसार किसानलाई आधुनिक कृषि उपकरणसँग जोड्नु आजको आवश्यकता भएकाले प्रविधिमैत्री बनाउन पहल थालिएको हो । परम्परागत तरिकाले खेती गर्दा लागत बढ्ने र श्रम बढी लाग्ने भएकाले किसान निरुत्साहित हुँदै गएका छन् ।

यस अवस्थालाई परिवर्तन गर्न तथा कृषिलाई सहज, सरल र उत्पादनमुखी बनाउन वडा कार्यालयले ५० प्रतिशत अनुदानमा मेसिनरी वितरण गरेको हो, उनले भने ।

वडाध्यक्ष गुरुङले वितरण गरिएका उपकरणको सही सदुपयोग गर्न किसानलाई आग्रह गर्दै कृषि उत्पादन वृद्धि, आयआर्जनमा सुधार हुनुका साथै युवालाई कृषि क्षेत्रमा आकर्षित गर्न आधुनिक प्रविधिको प्रयोग अपरिहार्य रहेको बताए । उपकरण प्राप्त गरेका किसानले वडा कार्यालयको पहलप्रति उत्साहित भएका छन् । किसानले आधुनिक उपकरणको प्रयोगले खेतीपाती गर्न सहज हुनुका साथै लागत कम हुने र उत्पादन बढ्ने विश्वास व्यक्त गरेका छन् । रासस

# सडक सञ्जालमा जोडियो अपि



**दार्चुला ।**
अपिहिमाल गाउँपालिका सडक सञ्जालमा जोडिएको छ । खलङ्गाबाट २३ कोष उत्तर–पश्चिममा रहेको पालिकाको वडा नं ३ गौड्याखोलासम्म सडक पुगेको हो । सडक सञ्जालबाट अझै नजोडिएका पालिकालाई जोड्ने उद्देश्यसहित सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि यस योजनालाई प्राथमिकतामा राखेको छ ।

प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ, 'हालसम्म सडक सञ्जालसँग नजोडिएका अपिहिमाल गाउँपालिका, साइपाल गाउँपालिका र स्वामीकार्तिक खापर गाउँपालिकालाई प्रादेशिक तथा स्थानीय सडक सञ्जालसँग जोड्ने लक्ष्य राखिएको छ ।' सडक जोड्न सङ्घीय सरकारले विशेष प्राथमितामा राखेको छ । अपिहिमाल गाउँपालिकाले सडकलाई निरन्तर प्राथमिकता दिँदै निर्माण अघि बढाएको छ ।

सडक अभावका कारण स्थानीयले वर्षौंदेखि यातायात, विकास निर्माण र दैनिक उपभोगका सामग्री ढुवानीमा कठिनाइ भोग्दै आएका थिए । अपिमा ढुवानीका कारण स्थानीयले समस्या झेलेका थिए । मकरीगाडबाट खण्डेश्वरी घुसासम्म पुग्न १० प्रतिकिलो ढुवानी लाग्थ्यो, स्थानीय खडक रोकायाले भने, सडक गाउँसम्मै आएपछि ढुवानी भाडामा सहजता हुनेछ । अपिहिमाल गाउँपालिका(५ मकरीगाडसम्म मात्रै सडक पुगेको अवस्थामा अहिले भट्टार गाउँसम्म विस्तार भएपछि स्थानीयमा सडक पुग्ने आशा पलाएको उनको भनाइ छ । स्थानीय दीपक टमटाले गाउँपालिका केन्द्रसम्म पनि सडक पुग्ने सम्भावना भएसँगै दैनिकी सहज हुने विश्वास व्यक्त गरे । उनका अनुसार भट्टारभन्दा अगाडि सडक पुगिसकेको छ भने निर्माण निरन्तर जारी रहेकाले छिट्टै पालिका केन्द्रसम्म सवारी सञ्चालन हुने विश्वास स्थानीयले गरेका छन् । गाउँपालिका केन्द्र वडा नं ४ को नौपाटामा पर्छ । सडकले गाउँपालिकाका वडा नं ३ र ४ लाई जोड्छ । यो ठाउँमा सडक काट्न चट्टानी भू(भाग नहुँदा पनि सडकले गति लिनेछ ।

अपिहिमाल(१ र २ मा सडक सञ्जालले तत्काललै जोडिने सम्भावना छैन् । तर वडा नम्बर ३ को काफलधारसम्म पनि सडक पुग्दा थोरै भए पनि अन्य वडाको लागि राहत हुने स्थानीय बताउँछन् । सडक निर्माण विएनबी कन्स्ट्रक्सन सुर्खेतले गरिरहेको छ । निर्माण कम्पनीका प्रतिनिधि धर्मसिंह धामीले चालु आर्थिक वर्षभित्र काम सम्पन्न नभए पनि आगामी आवमा पालिका केन्द्रसम्म सडक पु¥याउने लक्ष्यसहित काम भइरहेको जानकारी दिए । सडक नहुँदा विकास निर्माणका सामग्री ढुवानी महँगो पर्नुका साथै विभिन्न आयोजना कार्यान्वयनमा समस्या हुँदै आएको थियो । सडक विस्तारसँगै अब विकास निर्माणका काममा सहजता आउने अपेक्षा गरिएको छ ।

अपिहिमाल गाउँपलिकाका अध्यक्ष भक्तसिंह ठेकरे बोहराका अनुसार यसै आर्थिक वर्षभित्र सडक काफलधारसम्म जोडिने छ । मकरीगाडबाट भट्टारसम्मको कडा चट्टानी भाग उछिनेर अब सहज ठाउँमा सडक निर्माण अघि बढेको छ । 'शीघ्र पालिका मुकाममा सडक पुग्नेछ', उनले भने, 'नयाँ आर्थिक वर्षमा (आगामी आव) अपिहिमालको विकासका लागि महत्वपूर्ण वर्ष सावित हुनेछ ।'

अध्यक्ष बोहराका अनुसार पारिवगर(मकरीगाड सडक स्तरोन्नतिको ठेक्का लागिसकेको छ । दुई वर्षभित्र कालोपत्रसहित स्तरोन्नति सकिने छ । दुई वर्षभित्र सम्पन्न गर्नेगरी मकरीगाडमा मोटेरबल पुल निर्माणको ठेक्का भएको छ । अपिहिमाल(४ र ३ जोड्ने सडकमा रु सात करोड बजेट सुनिश्चित भएको भन्दै उनले आगामी आवमा सडक निर्माण पालिका केन्द्र पुग्नेछ । रासस

# डाइभर्सन नटिक्दा यात्रुलाई सास्ती



**पाँचथर ।**
सडक पुल नभएका नदी तथा खोला बनाइएका अस्थायी डाइभर्सनलाई पटकपटक बाढीले बगाउने गरेपछि यात्रीलाई सास्ती हुने गरेको छ । यहाँका मुख्य सडकहरूमा बनाइएका अस्थायी डाइभर्सन वर्षासँगै आउने बाढीले बगाउने समस्या आएको हो ।

पूर्वी पहाडलाई छोटो दूरीमा तराईसँग जोड्ने तमोर कोरिडोरअन्तर्गत्का सडकमा आठ वटा खोलामाथि पुल निर्माण भइरहेका छन । पाँचथरको फिदिम नगरपालिका–४ र हिलिहाङ गाउँपालिका–७ को सीमामा पर्ने हेँवा खोला र पाँचथर र धनकुटा जिल्लाको सीमामा पर्ने नावा खोलामा बाढीले अवरोध सिर्जना हुँदै आएको छ ।

दुवै खोलामा बनाइएका अस्थायी डाइभर्सनमा बाढीले पटकपटक क्षति पु¥याउँदै आएको हो । केही ठूलो वर्षा हुनासाथ नावा खोलामा सवारीका साधन पार गर्न सक्दैनन । दुई पाङ्ग्रे सवारीसाधन झोलुङ्गे पुलबाट तार्ने गरिएको छ भने अन्य सवारीसाधन जोखिम मोलेर खोलाबाट पार गर्दछन् ।

अकस्मात पानीको बहाव बढेर जोखिम हुने गरेको तुम्बेवा गाउँपालिका–२ लखुवाका राजकुमार देवानले बताए । 'जोखिम मोलेर सवारीसाधन पार गर्ने गरिएको छ, देवानले भने, डाइभर्सन बनायो भने कतिबेला बगाउँछ, टुङ्गो नै हुँदैन । ताप्लेजुङ, तेह्रथुम र पाँचथरका सयौँ सवारीसाधन र ढुवानीका साधन दैनिक रूपमा तमोर कोरिडोर सडक हुँदै सञ्चालन हुने गरेका छन । नावालगायत खोलामा पुल निर्माणले भने गति लिइरहेको छ ।'

यता, तमोर कोरिडोरअन्तर्गत पर्ने हेँवा खोलाको माझीटारमा पटकपटक बाढीले डाइभर्सन बगाउने गरेको छ । हेँवा खोलाको मुहान क्षेत्र ठूलो रहेको र वर्षा भइरहने हुँदा यहाँ बाढी आइरहने स्थानीय बताउँछन् । नियमित वर्षाका कारण गत चैतदे खि बाढी आएर डाइभर्सन बगाएको छ । अघिल्ला वर्षहरूमा असारसम्म डाइभर्सनले थाम्दथ्यो', हिलिहाङ–७ माझीटारका रामकुमार माझीले भने, यो वर्ष चैतदेखि नै यातायात अवरुद्ध भएका छन् ।

यहाँ डाइभर्सन नहुँदा ताप्लेजुङ तथा उत्तरी पाँचथरका हिलिहाङ र याङवरक गाउँपालिकाबाट तमोर कोरिडोर सडक हुँदै तराईतर्फ सञ्चालन हुने सवारीसाधन मेची राजमार्गबाट फिदिम(शिवादोभान हुँदै घुम्नु पर्ने बाध्यता छ ।

तमोर कोरिडोर सडक आयोजना र निर्माण कम्पनीले नियमित रूपमा डाइभर्सन मर्मत तथा व्यवस्थित संरचना निर्माणका लागि चासो नदेखाउँदा समस्या भएको हिलिहाङ(५ का वीरेन्द्र मंग्रातीले बताए । एक पटक बाढीले बगाएपछि लामो समयसम्म डाइभर्सन मर्मत नहुँदा छोटो दूरीको सडकको उपयोग नै हुन सकेको छैन, मंग्रातीले भने, यस क्षेत्रबाट सदरमुकाम जान पनि धेरै घुम्नु परेको छ ।

त्यस्तै पुष्पलाल (मध्यपहाडी) राजमार्गअन्तर्गत पाँचथरको याङवरक गाउँपालिका–२ दोभानेस्थित मेवा खोलामा थापिएको डाइभर्सन बाढीले पटकपटक बगाउँदा यात्रुले सास्ती खेप्दै आएका छन् । दोभानेमा तीन वर्षअघि बाढीले सडक पुल बगाएपछि डाइभर्सनका माध्यमबाट सवारीसाधन आवातजावतको प्रबन्ध गरिएको हो । तर, धेरै पटक बाढीले डाइभर्सन बगाएको छ । यस वर्षको जेठ ८ गते अविरल वर्षापछि आएको बाढीले डाइभर्सन बगाएको थियो ।

लामो समय सडक अवरुद्ध हुन नदिई खोलामा पानीको बहाव घटेको समयमा डाइभर्सन निर्माण गर्ने गरिएको याङवरक गाउँपालिकाका उपाध्यक्ष बाबा मेन्याङ्बोले बताए । "खोलाभन्दा माथि पनि धेरै नागरिक हुनुहुन्छ । त्यसैले खोला घटनासाथ डाइभर्सन बनाउने गरेका छौँ, उनले भने, तर, जति पटक बनायो, त्यति नै पटक बगाइरहेको छ ।

निर्माणाधीन सडक पुल यस वर्ष बाढीले बगाएपछि कहिले नयाँ पुल निर्माण होला भन्ने चिन्तामा स्थानीयवासी छन् । यस वर्ष वर्षायाम सुरु नहुँदै बाढी पहिरोको जोखिम बढ्नुका साथै खोला तर्ने अवस्था नभएपछि स्थानीय गहिरो चिन्तामा परेको याङवरक(१ का वडाध्यक्ष राजेन्द्र खालिङ राईले उल्लेख गरे ।

यसैबीच, बिहीबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले डाइभर्सन नहुँदा अवरुद्ध सडकलाई नियमित सञ्चालन गर्न पहल गर्ने निर्णय गरेको छ । त्यसका लागि सम्बन्धित स्थानीय तह, आयोजना कार्यालय र निर्माण व्यवसायीलाई आग्रह गर्ने निर्णय गरिएको समितिले जनाएको छ । रासस

# तीन हजार ७३५ जना विद्यार्थीको नाम भर्नाका लागि सिफारिस




**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले शैक्षिक २०८३/८४ का लागि कक्षा ११ र १२ को छात्रवृत्ति कोटामा पहिलो मनोनयन सूची (म्याचिङ लिष्ट) बाट तीन हजार ७ सय ३५ जना विद्यार्थीको नाम भर्नाका लागि सिफारिस गरेको छ ।

कक्षा ११ र १२ मा अध्ययन गर्न चाहने छात्रवृत्ति छनोट परीक्षाबाट योग्यताक्रमको अन्तिम सूचीमा परेका नामबाट भर्नाका लागि सिफारिस गरिएको परीक्षा समितिका संयोजक नमराज ढकालले जानकारी दिए ।

यसअघि प्रकाशित अन्तिम योग्यताक्रम, विद्यार्थीले आवेदन दिँदा रोजेको विषय र शिक्षण संस्थाको प्राथमिकता क्रमका आधारमा साधारण एवं आरक्षण र समूहगत रूपमा तोकिएको संख्याका आधारमा नाम सिफारिस गरिएको उनले बताए ।

शुक्रबार बसेको परीक्षा समितिको निर्णयअनुसार मनोनयन सूची प्रकाशन गरिएको छ ।

प्रकाशित सूचीअनुसार शिक्षामा छ जना, मानविकीमा १२, कानुनमा ५०, व्यवस्थापनमा एक हजार ४०१ र विज्ञानमा दुई हजार २६६ जनाको नाम सिफारिस गरिएको छ । यसमा 'ल्याण्डफिल साइट' प्रभावित क्षेत्रबाट २८ जना, महानगरभित्रका स्थायीवासीबाट चार सय ९२ जना, सामुदायिक विद्यालयबाट एसइई उत्तीर्ण गर्नेबाट एक हजार ५४५ जना, संस्थागत विद्यालयबाट उत्तीर्ण गर्नेबाट चार सय ८१, अपाङ्गता भएका व्यक्ति तथा अभिभावकमा अपाङ्गता भएका परिवारबाट १३, आदिवासी जनजातिबाट एक सय ७३, खस आर्यबाट एक सय ९७, छात्रा कोटाबाट चार सय ४०, थारुबाट ३९, दलितबाट ९६, पिछडिएको क्षेत्रबाट ४६, मधेशीबाट एक सय ४९, मुस्लिमबाट २२ र सहिद, बेपत्ता पारिएका, जेन्जी आन्दोलन, द्वन्द्वपीडित परिवारबाट १४ जना विद्यार्थी छन् ।

यस वर्षका लागि महानगरभित्रका एक सय ४५ वटा शिक्षण संस्थाका लागि चार हजार ८ सय ५७ कोटा निर्धारण गरिएको छ ।

पहिलो चरणमा मनोनयन भएका विद्यार्थीहरू तोकिएको मितिभित्र भर्ना नभई रिक्त रहन गएका सिटमा बाँकी रहेका विद्यार्थीको योग्यताक्रम र शिक्षण संस्थाको प्राथमिकताका आधारमा २८ गतेपछि दोस्रो चरणको मनोनयन सूची प्रकाशन हुने जनाइएको छ ।

# ३८ जिल्लामा रास्वापको नयाँ नेतृत्व चयन



**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को जारी जिल्ला अधिवेशनअन्तर्गत शनिबार ३८ जिल्लामा मतदान तथा नेतृत्व चयनको प्रक्रिया अघि बढेको छ ।

केन्द्रीय निर्वाचन आयोगका अनुसार आज झापा, मोरङ, तेह्रथुम, ताप्लेजुङ, भोजपुर, संखुवासभा, ओखलढुङ्गा, सुनसरी, महोत्तरी, रौतहट, दोलखा, काठमाडौँ, भक्तपुर, नुवाकोट, धादिङ, मकवानपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र सिन्धुलीमा अधिवेशन भएका छन् ।

यस्तै स्याङ्जा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, गुल्मी, नवलपरासी, पाल्पा, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, रोल्पा, कालिकोट, सल्यान, बैतडी, बझाङ र दार्चुलामा पनि अधिवेशन भएका छन् ।

पार्टीलाई पूर्ण रूपमा वैधानिक र जनअनुमोदित संरचनामा रूपान्तरण गर्ने उक्त अभियानमा सम्पूर्ण प्राविधिक तथा व्यवस्थापकीय तयारी पूरा भएको आयोगले स्पष्ट पारेको छ । राष्ट्रिय महाधिवेशन अगावै ७७ मध्ये ६७ जिल्लामा निर्वाचन सम्पन्न गर्ने रास्वपाको तयारी छ ।

आज २७ जिल्लामा अधिवेशन

जेठ २४ गते उदयपुर, सोलुखुम्बु, खोटाङ, इलाम, सिराहा, धनुषा, पर्सा, सर्लाही, चितवन, ललितपुर, तनहुँ, नवलपुर, गोरखा र लमजुङ, अर्घाखाँची, रुपन्देही, प्यूठान, सुर्खेत, जाजरकोट, दैलेख, रुकुम, मुगु, जुम्ला, अछाम, डोटी, डडेलधुरा, कैलाली, कञ्चनपुर र बाजुरामा अधिवशेन हुने कार्यतालिका छ ।

विशेष साङ्गठनिक परिस्थितिका कारण बारा जिल्ला अधिवेशन भने यही जेठ २६ गते हुने सो पार्टीले जनाएको छ । सोही दिन बागमती प्रदेशबाट प्रदेश अधिवेशन प्रारम्भ हुनेछ ।

प्रदेश अधिवेशनहरू सञ्चालन गर्न सातवटै प्रदेशमा पाँच सदस्यीय प्रदेश निर्वाचन समिति र जिल्ला अधिवेशनको निर्वाचन प्रक्रिया निष्पक्ष रूपमा सम्पन्न गर्न प्रत्येक जिल्लामा तीन सदस्यीय निर्वाचन समिति परिचालन गरिएको आयोगका प्रमुख भुवन केसीले राससलाई जानकारी दिए ।

- **१० जिल्लामा महाधिवेशनपश्चात अधिवेशन**

प्रथम राष्ट्रिय महाधिवेशनअगावै ७७ मध्ये ६७ जिल्लामा अधिवेशन सम्पन्न गर्ने रास्वपाको तयारी छ । यससँगै रास्वपाको मुख्य सङ्गठन रहेका अधिकांश जिल्लाको अधिवेशन सम्पन्न हुनेछ । बाँकी १० जिल्लाको अधिवेशन राष्ट्रिय महाधिवेशनपछि हुने आयोगका प्रमुख केसीको भनाइ छ ।

रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशन आगामी असार ७ देखि ९ गतेसम्म चितवनमा हुँदैछ ।

जिल्ला अधिवेशन र साङ्गठनिक अद्यावधिक अवस्थाबारे रासससँगको कुराकानीमा निर्वाचन आयोगका प्रमुख केसीले जिल्ला अधिवेशनहरू पार्टीलाई तदर्थ संरचनाबाट पूर्ण वैधानिक र जनअनुमोदित संरचनामा रूपान्तरण गर्ने महत्त्वपूर्ण खुड्किला भएका बताए ।

'हिजोको तदर्थ जिम्मेवारीलाई नै स्थायी मानेर नेतृत्व दाबी गर्ने प्रवृत्तिको अन्त्य स्वच्छ निर्वाचन प्रक्रियाबाटै हुनेछ । यसका लागि प्रत्येक जिल्लामा ३ सदस्यीय र प्रदेशमा ५ सदस्यीय निर्वाचन समिति परिचालन गरी निष्पक्ष मतदानको सुनिश्चितता गरिएको छ,' उनले भने ।

चार हजार दुई सय बढी वडामा रास्वपाको अधिवेशन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को चार हजार दुई सय ४६ वडामा अधिवेशन सम्पन्न भएका छन् । केन्द्रीय निर्वाचन आयोगका अनुसार हालसम ५ सय १२ स्थानीय तहमा पालिका अधिवेशन सम्पन्न भइसकेको छ ।

थप चार नगरपालिका र चार वडामा समिति अद्यावधिक भएका छन् । आज र भोलि रास्वपाको जिल्ला अधिवेशन हुँदैछ ।

जिल्ला अधिवेशनको निर्वाचन प्रक्रिया निष्पक्ष रूपमा सम्पन्न गर्न प्रत्येक जिल्लामा तीन सदस्यीय निर्वाचन समिति परिचालन गरिएको आयोगका प्रमुख भुवन केसीले राससलाई जानकारी दिए ।

यही जेठ २६ गतेदेखि रास्वपाको प्रदेश अधिवेशन सुरु हुँदैछ । प्रदेश अधिवेशनहरू सञ्चालन गर्न सातवटै प्रदेशमा पाँच सदस्यीय प्रदेश निर्वाचन समिति गठन गरी कार्य प्रारम्भ भइसकेको प्रमुख केसीले जानकारी दिए ।

- **'भुइँमा न भाँडोमा हुने छुट रास्वपाका कुनै कार्यकर्तालाई छैन'**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सचेतक प्रकाशचन्द्र परियारले रास्वपा नेपाली जनताको सेवा गरी देशको मुहार फेर्ने उद्देश्यका साथ राजनीतिमा आएकाले यसका नेता, कार्यकर्ता या कसैलाई पनि भुइँमा न भाँडोमा हुने छुट नरहेको बताएका छन् ।

सुनसरीको लौकहीमा रास्वपाको सुनसरी जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै उनले रास्वपा नेपाली जनताको वास्तविक सेवक हो र यसले नै यो देशको भाग्य र भविष्य निर्माण गर्दछ भन्ने सोच र व्यवहारका साथ जनताको भरोसायुक्त पार्टीका रूपमा लाग्न सबै कार्यकर्तालाई आग्रह गरेको उनको सचिवालयले जनाएको छ ।

केही दिनअघि सङ्घीय संसद्मा नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' को सम्बोधनलाई स्मरण गर्दै सचेतक परियारले भने, 'जसरी संविधानसभाको पहिलो निर्वाचनमा तत्कालीन माओवादी पार्टीले झण्डै दुई तिहाइ बहुमत प्राप्त गर्दा जनताको सेवा गर्नुको सट्टा भुइँमा न भाँडोमा भएर यो हालतमा आयौँ भन्नुभएको थियो, त्यस्तो काम गर्ने छुट हामलाई छैन र रास्वपाको कुनै कार्यकर्ताले त्यो सोच कदापि राख्नुहुँदैन ।'

देशका वास्तविक समस्या र आवश्यकतालाई शिरमा राखेर केही गर्नुपर्छ र गर्छौं भन्ने भावनाका साथ जनताका बीचमा होमिन उनले रास्वपाका सबै कार्यकर्तालाई आग्रह गरे । राष्ट्रिय स्वतन्त्र पार्टीको शिरभन्दा पनि माथि नेपाली जनता रहेको सचेतक परियारको भनाइ थियो ।

उनले भने, 'रास्वपालाई ठूलो संख्या अर्थात् भीडको भन्दा पनि जनसेवा र देश विकास गर्ने असल कार्यकर्ताको खाँचो रहेको प्रसङ्ग उल्लेख गर्दै उनले भने, "कार्यकर्ताको भीडले मात्र हुने भए १० लाख क्रियाशील सदस्य रहेको कांग्रेस, आठ लाख सङ्गठित सदस्य रहेको एमाले तथा 'कि मृत्यु कि मुक्ति' को नारा दिएर महिलाका काँधमा बन्दुक राखेर अघि बढेको माओवादीको हालत अहिले यस्तो हुने थिएन ।'

सचेतक परियारले सुनसरी मुस्लिम, खसआर्य, जनजाति, सीमान्तकृत समुदायको सङ्गमसहितको सामाजिक समावेशिताको अनुमप उदाहरण पाइने जिल्ला हो भन्दै आगामी स्थानीय निर्वाचनमा रास्वपाले यो अनुपम उदाहरणको सम्मान गर्दै स्थानीय सरकारको नेतृत्व गर्नेगरी अघि बढ्ने बताए । उनले भने, 'यस जिल्ला र अन्य स्थानीय तहमा आगामी निर्वाचनमा रास्वपाले नेतृत्व गर्नेछ र अहिले सङ्घ सरकारमा जसरी राम्रो काम गरेर जनताको मन जितिरहेको छ, देशका हरेक स्थानीय तहमा त्यस्तै काम गरेर जनताको घरदैलोको सरकारको भरोसा प्रदान गर्नेछ ।'

- **रास्वपा म्याग्दीको अध्यक्षमा युवराज रोका**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) म्याग्दीको पहिलो जिल्ला अधिवेशनबाट युवराज रोकाको सभापतित्वमा कार्यसमिति चयन गरिएको छ ।

शनिबार भएको अधिवेशनबाट सर्वसम्मत रूपमा चयन भएको कार्यसमिति उपसभापतिमा कल्पना खत्री, सचिवमा सुनिल शर्मा र कोषाध्यक्षमा हीराबहादुर बोगटी (सुरत) रहेका छन् । यस्तै, सागरकुमार शर्मा पौडेल, गुनमाया पुर्जा, युवराज सुवेदी, सरोज सुवेदी र पूर्णबहादुर खत्री सदस्यमा चयन हुनुभएको नवनिर्वाचित सचिव शर्माले जानकारी दिए ।

अधिवेशनको उद्घाटन गर्दै रास्वपा गण्डकी प्रदेश सभापतिसमेत रहेका प्रतिनिधिसभा सदस्य राजन गौतमले सुशासन र सार्वजनिक सेवा प्रवाहमा सहजता ल्याउन वर्तमान सरकारले प्राथमिकताका साथ काम गरिरहेको बताए । 'विकास र सुशासनका लागि बाधक विद्यमान ऐन, कानुनहरू संशोधनका लागि सरकारले गृहकार्य गरिरहेको छ । सुशासनयुक्त देश निर्माण भएपछि जनताको बाँकी अपेक्षा पनि पूरा हुनेछन् भन्ने हाम्रो विश्वास छ,' उनले भने ।

# नेपाल–भारतबीचको सम्बन्ध थप सुदृढ गर्न तत्पर छौँ: परराष्ट्रमन्त्री



**काठमाडौँ ।**
परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल–भारतबीचको सम्बन्धलाई नयाँ शिराबाट थप विस्तार र सुदृढ गर्न सरकार तत्पर रहेको बताएका छन् ।

भारतीय च्यानल 'एनडिटिभी'सँग आज विशेष संवाद गर्दै उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्थापनाको करिब चार वर्षकै अवधिमा जनचाहना र समर्थनबाट सरकारको नेतृत्वमा पुगेको उल्लेख गर्दै दुई देशको बहुआयामिक सम्बन्धलाई थप सुदृढ गर्न सरकार तत्पर रहेको बताएका हुन्

नेपाल र भारतबीच खुला सीमाना भए पनि एकले अर्को देशको सुरक्षा सरोकारलाई आत्मसात् गरेको उल्लेख गर्दै मन्त्री खनालले दुई देशको बहुआयामिक र हार्दिक सम्बन्धलाई अझै विस्तार गर्नुपर्नेमा जोड दिए ।

मौरिससमा भएको कार्यक्रममा आफू र भारतीय समकक्षी एस जयशङ्करसँग भएको भेटको सन्दर्भ उल्लेख गर्दै उनले सम्भव भएका सबै क्षेत्रमा सहकार्य गर्नुपर्ने बताए । मन्त्री खनालले व्यापार, ऊर्जा, पूर्वाधार, शिक्षा, स्वास्थ्य, प्रविधि र सम्पर्क सञ्जालगायत क्षेत्रमा नेपालले भारतको सहयोग, लगानी र सहकार्यको अपेक्षा गरेको धारणा राखे ।

उनले बङ्गलादेशमा नेपालको विद्युत् निर्यातका लागि भारतको साथ रहने विश्वाससमेत व्यक्त गरे । 'हामीले विगतका कुरा लिएर आएका छैनौँ । विगतमा हामीले दुई ठुला छिमेकी मुलुकबाट विकासको लाभ जति लिन सक्नुपर्दथ्यो, त्यति सकेनौँ । अब पारस्परिक लाभ, सकारात्मक भविष्यका लागि कूटनीतिक सम्बन्ध प्रयोग गर्छौं,' मन्त्री खनालले भने, 'हामीले अझ राम्रो सहकार्यका क्षेत्र पहिचान गर्दै नेपाली जनताको जीवनयापनलाई सबलीकरणका लागि नयाँ र बहुआयामिक सहकार्य स्थापित गर्नेछौँ ।'

रास्वपा सभापति रवि लामिछानेको हालैको भारत भ्रमणका क्रममा भारतीय जनता पार्टी र सरकारबाट भएको भव्य स्वागतले दुई देशबीचको आपसी सम्बन्धलाई नयाँ उचाइमा लिन उत्प्रेरणा मिलेको उनको भनाइ थियो । नेपालमा रेलमार्ग विस्तार, शैक्षिक संस्थाको विकास र प्रविधि विस्तारमा चाँडै ठोस सहकार्यका लागि सहमति हुने मन्त्री खनालको विश्वास थियो ।

परराष्ट्रमन्त्री खनाल र विदेशमन्त्री जयशङ्करबीच भेटवार्ता

परराष्ट्रमन्त्री शिशिर खनाल र भारतका विदेशमन्त्री डा एस जयशङ्करबीच नयाँ दिल्लीमा द्विपक्षीय भेटवार्ता भएको छ ।

उनहरूबीच शनिबार साँझ नयाँ दिल्लीमा द्विपक्षीय भेटवार्ता भएको विदेशमन्त्री डा. जयशङ्करले सामाजिक सञ्जाल एक्समा उल्लेख गरेका छन् । भेटवार्ताका क्रममा उनहरूबीच द्विपक्षीय व्यापार, लगानी, सम्पर्क सञ्जाल (कनेक्टिभिटी), ऊर्जा तथा जनस्तरका सम्बन्धलगायत विषयमा छलफल भएको बताइएको छ ।परराष्ट्रमन्त्री खनाल विदेशमन्त्री जयशङ्करको मैत्रीपूर्ण निमन्त्रणामा यही जेठ २२ देखि २४ गतेसम्म भारतको औपचारिक भ्रमणका लागि शुक्रबार नयाँ दिल्ली प्रस्थान गरेका थिए ।

भ्रमणका क्रममा शुक्रबार परराष्ट्रमन्त्री खनाल र भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख डा. विजय चौथाईवालेबीच भेटवार्ता भएको थियो । परराष्ट्रमन्त्री खनालले शुक्रबार नै नयाँ दिल्लीमा इण्डिया फाण्डेसनद्वारा आयोजित कार्यक्रममा सम्बोधन गरेका थिए । उनी भ्रमण सम्पन्न गरी आएतबार काठमाडौँ फर्कने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

# फेवा तालमा फसेका १२ पर्यटकको उद्धार

**कास्की ।**
पोखरा–६ बैदामस्थित फेवा तालमा 'बोटिङ' गर्ने क्रममा हुरीका कारण समस्यामा परेका १२ पर्यटकको उद्धार गरिएको छ ।

शनिबार दिउँसो ४:३० बजे फेवा तालमा अचानक हुरीका आएपछि तालमा फसेका स्वदेशी तथा विदेशी पर्यटकको सशस्त्र प्रहरी बल नेपाल नं २४ गण हेडक्वाटरको टोलीले उद्धार गरेको हो ।

उद्धार गरिएकाहरूमा तनहुँको दमौलीका २३ वर्षीय सुदीप बस्नेत, काठमाडाँका २४ वर्षीय सरोज सिम्खडा, १७ वर्षीय आयुष चौलागाईं, २१ वर्षीय सागर क्षेत्री, १९ वर्षीया विनिता श्रेष्ठ, २६ वर्षीय रुसाल चौधरी रहेका छन् । साथै कास्कीको पोखरा महानगरपालिका–५ पस्याङका २३ वर्षीया झरना गुरुङ, १२ वर्षीय क्रिस श्रेष्ठ, १६ वर्षीया सुदीक्षा पौडेल, १६ वर्षीय अङ्कल ढकाल, १५ वर्षीय प्रितम नेपाली र जापानबाट घुम्न आएउनुभएकी ४८ वर्षीया एक महिलासहित १२ जनाको उद्धार गरिएको थियो ।

उद्धार गरिएका सबैको अवस्था सामान्य रहेको सशस्त्र प्रहरी बल नेपाल, नं २४ गण हेडक्वाटर मालेपाटनका प्रहरी उपरीक्षक वसन्तबहादुर सिंहले जानकारी दिए ।

उनका अनुसार ती व्यक्तिहरू तालको बीचमा सर्फेस बोट र प्याडल बोटमा हुरीका कारण समस्यामा परेका थिए ।

लगत्तै फेवातालमा स्थापना गरिएको 'फेवा रेस्क्यू टावर' मा खटिएका सशस्त्र प्रहरीको १० सदस्यीय टोलीले उद्धार गरेको थियो ।

# चार सय ९२ किलोमिटर दुई लेन सडक कालोपत्र

**काठमाडौँ ।**
चालु आर्थिक वर्षको हालसम्म देशभर कूल चार सय ९२ किलोमिटर सडक कालोपत्र भएको छ ।

सडक विभागले उपलब्ध गराएको यही जेठ २० गतेसम्मको विवरणअनुसार वार्षिक ८०० किलोमिटर दुई लेन सडक कालोपत्रे गर्नुपर्नेमा ६१ दशमलव पाँच प्रतिशत बराबरको काम सम्पन्न भएको छ । देशभर हालसम्म कूल १९ हजार ४५६ किलोमिटर दुई लेन सडक कालोपत्रे भएको छ ।

वार्षिक रूपमा चार लेन वा चार लेनभन्दा बढी १०९ किलोमिटर सडक निर्माण गर्ने लक्ष्य राखिएमा हालसम्म ९२ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ । विभागका अनुसार हालसम्म देशभर कूल ५८८ किलोमिटर सडक चार लेन वा सोभन्दा बढीका निर्माण सम्पन्न भएका छन् । रिजिड पेभमेन्टतर्फ ६३ किलोमिटर सडक निर्माण पूरा भएको छ ।

देशभर सडक कालोपत्रे हुने र गरिने समयमा अलकत्रा अभाव हुँदा अपेक्षित लक्ष्य पूरा हुन समस्या पैदा भएको छ । खाडी क्षेत्रमा भएको तनावका कारण अलकत्रा आयातमा समस्या भएको निर्माण व्यवसायीले उल्लेख गरेका छन् ।

ग्रावेलतर्फ कूल १२७ किलोमिटर सडक पूरा भएको छ । माटे सडक ११७ किलोमिटर सम्पन्न भएको विभागले जनाएको छ । वार्षिक लक्ष्यअनुसार १६२ वटा पुल निर्माण गर्नुपर्नेमा ११२ वटा सम्पन्न भएका छन् ।

बेलीब्रिजतर्फ पाँच, राजमार्गको आवधिक मर्मततर्फ ९७ किलोमिटर सम्पन्न भएको छ । राजमार्ग पुनः निर्माण तथा स्तरोन्नतितर्फ ५४ किलोमिटर सम्पन्न भएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन